का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ३३
❒ २० फागुन २०७६, मंगलबार
❒ 3 March 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# तरलताको त्रास

**देशकै कार्यकारी प्रधानमन्त्री स्वास्थ्य प्रतिकुलता विरूद्ध लडिरहेकै बेला दलहरू आन्तरिक किचलोमा रूमलिएका मात्रै छैनन्, कोरोना भाइरसजस्ता प्रकोपको त्रासदेखि राष्ट्रिय राजनीति समेत नराम्रोगरी डग्मगाएका छन् । अर्थात्, मुलुकको वर्तमान स्थीरताबारे भयंकर ठूलो आशंका पैदा भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन

१३ वर्ष अगाडि प्रत्यारोपण गरिएको मिर्गौलाले काम नगरेपछि नियमित डायलासिस गराउँदै आएका प्रधानमन्त्री केपी ओली पुनःप्रत्यारोपणका लागि अस्पताल भर्ना भएका छन् । सोमबार प्रधानमन्त्री ओली शिक्षण अस्पताल भर्ना भएका हुन् । १३ वर्ष अगाडि भारतमा मिर्गौला प्रत्यारोपण प्रधानमन्त्री ओलीले यसपटक स्वदेशमै पुनःप्रत्यारोपण गराउन लागेका हुन् । बुधबार हुने पुनःप्रत्यारोपणका लागि प्रधानमन्त्री ओली सोमबार नै अस्पताल भर्ना भएका छन् ।

अस्पताल भर्ना हुनु अगाडि समेत प्रधानमन्त्री ओलीले देशको कार्यकारी गतिविधिलाई निरन्तरता दिएका छन् । अर्थात्, प्रधानमन्त्री ओलीले यसबेला स्वास्थ्य प्रतिकुलतासँगै राष्ट्रिय राजनीतिले खेपिरहेको अप्ठ्याराहरुको समेत सामना गरिरहेका छन् । प्रधानमन्त्री ओलीले सामना गरिरहेका समस्या एक नभएर अनेक छन् । पार्टी उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रियसभामा मनोनित गर्ने आफ्नै पार्टी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय निर्णय प्रधानमनत्री ओलीलाई चित्त बुझेको छैन । त्यसैले उपाध्यक्ष गौतमलाई नभएर अर्थमन्त्री युवराज खतिवडालाई मनोनित गर्ने अडान लिएका छन् । प्रधानमन्त्री ओलीले गौतमलाई मनोनित गर्न अनिच्छा प्रकट गर्नुमा नेकपाकै आन्तरिक शक्ति संघर्षले काम गरेको छ ।

हुन पनि नेकपाको नौ सदस्यीय सचिवालयमा प्रधानमन्त्री ओलीको पक्षमा उपप्रधानमन्त्री रहेका सचिवालय सदस्य ईश्वर पोखरेल मात्रै देखिएका छन् । अर्थात्, अर्का



कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको पक्षमा पार्टी चलिरहेको छ, प्रधानमन्त्री ओलीलाई अल्पमतमा परेको अनुभूति दिलाउनेगरी । प्रचण्डको पक्षमा सचिवालयका सात जना एकातिर देखिएपछि प्रधानमन्त्री ओलीका पछिल्ला हरेक निर्णय अस्वीकृत हुँदै आएको छ । यसको अर्थ प्रधानमन्त्री ओली पार्टीभित्र प्रतिकुलता खेपिरहेका छन् ।

यसै बेला उत्तरी छिमेक चीनको हुपेई प्रान्तको वुहान शहरबाट विश्वव्यापी प्रकोपका रुपमा कोरानाभाइरस फैलिरहेको छ । तीन हजार बढीको ज्यान लिइसकेको कोरानाबाट ९० हजारको हाराहारीमा संक्रमित देखिएका छन् । विश्व स्वास्थ्य संगठनले नेपाललाई कोरोना भाइरसको उच्च जोखिमयुक्त देशका रुपमा लिएको छ । सरकारले त्यसैकारण महत्वाकांक्षी दुई कार्यक्रम बाँकी पृष्ठ २ मा

### प्रधानमन्त्रीको भिडियो सन्देश

## 'सपना अलपत्र पारेर म अलप हुन्न'

**प्रधानमन्त्री केपी शर्मा ओली सोमबार अस्पताल भर्ना भएका छन् । बुधबार हुने मिर्गौला पुनःप्रत्यारोपणका लागि प्रधानमन्त्री ओली अस्पताल भर्ना भएका हुन् । अस्पताल भर्ना हुनु अगाडि प्रधानमन्त्री ओलीले भिडियो सन्देश जारी गरेका छन् । सन्देशमा प्रधानमन्त्री ओलीले आफैंले देखाएको सपना अलपत्र पारेर अलप नहुने प्रतिबद्धता जनाएका छन् । सन्देशको पूर्ण पाठः**

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

मेरो सींगो जीवन कुनै न कुनै किसिमको संर्घषमा बित्दै आएको छ । कहिले निरङ्कुशता विरुद्ध लोकतन्त्रको लागि संघर्ष, कहिले राष्ट्रिय हित तथा स्वाभिमानका लागि संघर्ष, त कहिले देशमा स्थायित्व नचाहने र हुन नदिनेहरुसँगको संघर्ष ।

मुलुकमा व्याप्त यसप्रकारका विविध समस्याहरुसँग निरन्तर जुध्ने क्रममा शरीरभित्र सिर्जित रोगसँग लड्न म बाध्य हुन पुगेको यहाँहरु सबैलाई जानकारी नै छ । यसै सन्दर्भमा, आज भन्दा झण्डै १२ बर्ष अघि मेरा दुवै मृगौलाले काम गर्न छोडेपछि २०६४ साउनमा पहिलो पटक मर्गौला प्रत्यारोपण गराएको थिएँ । त्यतिबेला हाम्रो देश नेपालमा मर्गौला प्रत्यारोपणको सुविधा थिएन ।

फागुन २१ गते बुधबार फेरि मैले मृगौला प्रत्यारोपण गराउँदैछु । त्यसको चिकित्सकीय तयारीका लागि म आजै त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगञ्जतमा भर्ना हुँदैछु ।

विज्ञान, आधुनिक प्रविधि, ज्ञान र सीपले मृगौला प्रत्यारोपण अहिले, पहिलेजस्तो जटिल मानिँदैन । यसपटकको मृगौला प्रत्यारोपण त्यसैले पनि तुलनात्मक रुपमा सजिलो हुने मैले विश्वास लिएको छु । त्यसमाथि आफ्नै मुलुकमा आफ्नै देशका अनुभवी चिकित्सकहरूद्वारा प्रत्यारोपण गराउने सुविधा प्राप्त हुँदा म गर्व गर्छु र अत्यन्तै खुशी पनि छु ।

भनिन्छ नि, आशाको दियो बलिरह्यो भने बाँकी पृष्ठ २ मा

# संसद्‌मा गाँजासम्बन्धी विधेयक

**अनुमति नलिई गाँजा खेती गरे वा बिक्री वितरण गरे १ वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ । लेबल नलगाए ६ महिनासम्म कैद र १ लाखसम्म जरिवाना हुन सक्नेछ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन

पूर्वकानुनमन्त्री शेरबहादुर तामाङले गाँजासम्बन्धी गैरसरकारी विधेयक (प्राइभेट बिल) संसद सचिवालयमा दर्ता गराएका छन् । 'गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक'मा गाँजामा औषधीय गुण हुने भएकाले यसमा प्रतिबन्ध लगाउन नहुने उल्लेख गरिएको छ । गाँजा खेतीमा लगाइएको प्रतिवन्ध फुकुवा भएमा यो आर्थिक समृद्धिको आधार हुने सांसद तामाङको दाबी छ । गाँजा निर्यात गरी आयआर्जन बढाउन सकिने उनको भनाइ छ । उनले गाँजाको प्रतिवन्ध फुकुवा भएमा ८० प्रतिशत युवा विदेशबाट स्वदेश फर्किने दाबीसमेत गरे । सत्तारुढ नेकपाका सांसद एवम् पूर्व कानुन मन्त्री शेरबहादुर तामाङले १८ वर्ष उमेर पुगेकाले मात्र गाँजाको खेती गर्न पाउनेगरी विधेयक प्रतिनिधि सभामा दर्ता गराएका छन् । यसअघि सत्तारुढ सांसद विरोध खतिवडाको नेतृत्वमा गाँजा फुकुवा गर्नु पर्ने भन्दै सार्वजनिक महत्वको प्रस्ताव प्रतिनिधिसभामा दर्ता भएको थियो ।



विधेयकमा व्यवस्था

विधेयकमा गाँजा खेतीका लागि पूर्व अनुमति लिनुपर्ने प्रस्ताव गरिएको छ । यस्तो अनुमति स्थानीय तहबाट पाइनेछ । तर कुन-कुन स्थानीय तहबाट यस्तो अनुमति दिने भन्ने टुङ्गो केन्द्र सरकारले लगाउने व्यवस्था गरिएको छ । यसरी अनुमति लिँदा गाँजा खेती गर्न चाहने कृषकले जग्गाको कित्ता टुङ्गो लगाउनुपर्नेछ । स्थानीयले एउटा परिवारले कूल जग्गाको कति जग्गामा गाँजा खेती गर्न अनुमति दिने भन्ने हद तोक्नेछ ।

कृषकले गाँजा खेतीका लागि अनुमति प्राप्त गर्न गाँजाको बोट तथा त्यसबाट उत्पादन गर्न सकिने पदार्थको अनाधिकृत उपयोग तथा प्रयोग नियन्त्रणको लागि अवलम्बन गरिने उपाय समेत सुझाउनुपर्नेछ । विधेयकमा तामाङले १८ वर्षभन्दा कम उमेरका व्यक्तिको संलग्नता देखिए गाँजा खेतीको अनुमतिपत्र नपाइने व्यवस्था गर्न सुझाएका छन् । त्यस्तै गाँजा खेती गर्ने कृषकले अनाधिकृत व्यक्तिलाई गाँजा बिक्री वितरण गरेमा वा उपलब्ध गराएमा अनुमति पत्र खारेज हुने प्रावधान गरिएको छ। त्यस्तै कृषकले गाँजा बिक्री वितरणको विवरण नराखे अनुमति खारेज हुनेछ ।

विधेयकमा बाँकी पृष्ठ २ मा

# इम्बोस्डको किचलो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन

अदालतले रोकेको इम्बोस्ड नम्बर प्लेट फेरि सुरु हुने भएको छ । इम्बोस्ड नम्बर प्लेट छपाइको तयारी पुरा भएको जनाइएको छ । इम्बोस्ड नम्बर प्लेट जडानको लागि यो महिना भित्रै सुचना निकालिने यातायात व्यवस्था विभागका महानिर्देशक गोगन बहादुर हमालले जानकारी दिएका छन् ।२-३ दिन भित्र अदालतको पुर्णपाठ आएपछि सुचना जारी हुने हमालले जनाए । यातायात व्यवस्था विभागले निर्देशन दिने बित्तिकै छपाइ गर्न सकिने नम्बर प्लेट छपाइको जिम्मा डेकाटोर टाइगरका प्रोडक्सन हेड अरुण हमालले जानकारी दिएका छन् । उनले भने, 'हाम्रो तयारी पुरा भइसक्यो, सरकारी प्रक्रिया पुरा भएपछि छपाइ सुरु गर्छौं ।' नम्बर प्लेट छपाइ अन्यौल भएपछि कम्पनीले केही महिनाअघि आफ्ना कर्मचारीलाई बिदामा पठाएको थियो । सर्वोच्चको फैसला पछि ती कर्मचारीहरुलाई फेरी फिर्ता बोलाएको छ । सुरुवाती चरणमा काठमाडौं उपत्यकाका सवारीसाधनबाट जडान सुरू गरिने हमालले जानकारी दिए ।

उनले भने, 'एकै पटकमा सबैलाई जडान गर्न लाग्यौ भने समस्या पर्न सक्छ । पहिले काठमाडौं उपत्यकाका सवारी साधनको जडान गर्छौं। त्यसपछि कत्तिको लोड हुन्छ त्यही आधारमा अरु ठाउँको सवारी साधनलाई पनि खुल्ला गर्छौं ।' देवनागरीको सट्टा अंग्रेजीमा नम्बर प्लेट लेखेको भन्दै अधिवक्ताद्वय भरतकुमार बस्नेत र राजन बुर्लाकोटीले सर्बोच्च अदालतमा रिट हालेका थिए ।

उनको रिटमाथि प्रथम सुनुवाई गर्दै तात्कालिन प्रधानन्यायाधीश गोपाल पराजुलीको एकल इजलासले गत वर्षको फागुन १० गते अर्को आदेश नभएसम्मका लागि इम्बोस्ड नम्बर प्लेट लागु नगर्न' अन्तरिम आदेश दिएको थियो ।

मंसिर २७ गते प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासहितको पाँच न्यायाधीशको संवैधानिक इजलासले उक्त रिट खारेज बाँकी पृष्ठ २ मा

### सरकारले भन्यो–

# तत्काल वैदेशिक रोजगारीमा नजानू

**मध्यान्ह संवाददाता**
काठमाडौं, फागुन १९

सरकारले विदेश यात्रा र वैदेशिक रोजगारीमा नजान ट्राभल एड्भाइजरी (यात्रा चेतावनी) जारी गरेको छ । कोरोना संक्रमण विश्वव्यापी बन्दै गइरहेका बेला सरकारले सोमबार ट्राभल एड्भाइजरी जारी गरेको हो ।

कोरोना भाइरसको बढ्दो संक्रमणप्रति ध्यान दिँदै ट्राभल एड्भाइजरी जारी गरिएको परराष्ट्रमन्त्रालयले जनाएको छ ।

सरकारले वैदेशिक रोजगारीमा जाने योजना तत्कालका लागि स्थगित गर्न पनि अपिल गरेको छ । यसअघि दक्षिण कोरिया कामदार नपठाउने निर्णय गरेको सरकारले अध्ययनका लागि विदेश जान चाहने विद्यार्थीहरुलाई एनओसी (नो अब्जेक्सन लेटर) दिन पनि रोक लगाइएको छ ।

कोरोना संक्रमण देखापरिरहेको मध्यपूर्व जान सरकारले रोक त नलगाए पनि विशेष सतर्कता अपनाउन सुझाएको छ ।

हाल रोजगारीका लागि ठूलो संख्यामा नेपालीहरू मध्यपूर्वका मुलुक जाने गरेका छन् । खाडी मुलुकसहित थाइल्याण्ड र चीनमा ठूलो संख्यामा घुमघामका लागि जाने गर्छन् । व्यापार-व्यवसायको प्रयोजनका लागि त्यसतर्फ जाने नेपालीको संख्या पनि उत्तिकै छ ।

त्यसो त अमेरिकाले पनि नेपालबारे ट्राभल एड्भाइजरी जारी गरेको छ । चार तहको यात्रा चेतावनी जारी गर्दै आएको अमेरिकाले नेपाललाई दोस्रो तहमा राखेको छ । दोस्रो तहमा राख्नुको अर्थ जोखिमा छ भन्नु हो ।

बेलायत सरकारले नेपालबारे जारी गरेको ट्राभल एड्भाइजरीमा चीनको छिमेकी मुलुक भएका कारण कोरोना संक्रमणका सम्बन्धमा सचेत हुन आग्रह गरेको छ । क्यानडाले नेपालबारेको ट्राभल एड्भाइजरी २८ फेब्रुअरीमा समीक्षा गर्दै उडान कटौती गरेको छ ।

चीन उद्गम भएर फैलिएको कोरोना भाइरसको फैलावट विश्वव्यापी बन्दै गएको छ । ६५ देशमा पुगिसकेको यो संक्रमणको सबैभन्दा ठूलो चपेटामा परेको चीनमा यो सामग्री तयार पार्दासम्म २ हजार ९ सय १२ जनाको ज्यान गइसकेको साउथ चाइना मर्निङ पोस्टले जनाएको छ । ८० हजार २६ जना कोरोनाबाट संक्रमित भएका छन् । ४४ बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### सावधानी अपनाउन साउदी दूतावासको आग्रह

**काठमाडौं/मस–** साउदी अरबको रियादस्थित नेपाली दूतावासले कोरोना भाइरसप्रति सतर्क रहन नेपालीहरूलाई आग्रह गरेको छ । साउदीमा हालसम्म कोरोनाका संक्रमित फेला नपरे पनि यसका छिमेकी मुलुकमा संक्रमण फैलिएपछि त्यहाँस्थित दूतावासले सावधानी अपनाउन नेपालीलाई आग्रह गरेको छ ।

दूतावासद्वारा सोमबार जारी सूचनामा कोरोना संक्रमित देश हुँदै साउदी नआउन आग्रह गरिएको छ । हाल साउदी अरबले देश चीन, ताइवान, हङकङ र मकाउ र इरानबाट आउनेहरूलाई भ्रमण समाप्तिको १४ दिन पूरा भएपछि मात्र साउदी अरबको भ्रमण गर्न दिँदै आएको छ ।

साउदी सरकारले कोरोना भाइरस परीक्षणको आधिकारिक प्रयोगशाला तोकेकालेरुघा खोकी लागेमा, ज्वरो आएमा तथा स्वासप्रस्वाशमा समस्या देखिएमा तत्काल ती स्थानमा गएर सेवा लिन पनि दूतावासले नेपालीलाई आग्रह गरेको छ ।

साउदी सरकारले हाल देशका विभिन्न २५ बटा अस्पताललाई यो रोगको उपचारका लागि तयारी अवस्थामा राखेको छ । २२०० बेडहरुलाई क्वारेन्टाइन बेडका रुपमा व्यवस्था गरिएको जनाएको छ ।

दूतावासले साउदी अरबका छिमेकी मुलुकहरु संयुक्त अरब इमिरेट्स (यूएई), कुवेत, बहराइन तथा कतारमा नजान बाँकी पृष्ठ २ मा

### जुत्ता प्रहार प्रकरण

## छानबिन समिति गठन

**काठमाडौं/मस–** सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई लक्षित गरी जुत्ता प्रहार गर्नेमाथि अनुसन्धान हुने भएको छ । उनीमाथि अनुसन्धान गर्न प्रहरीले तीन सदस्यीय छानबिन समिति गठन गरेको छ । आइतबार प्रचण्डमाथि जुत्ता हानेका जुम्लाका रतन तिरुवामाथि अनुसन्धान गर्न महानगरीय अपराध महाशाखाका प्रमुख एसएसपी सहकुल थापाको नेतृत्वमा तीन सदस्यीय टोली गठन भएको हो । यस समितिमा महानगरीय प्रहरी परिसरका डिएसपी होवीन्द्र बोगटी र सिंहदरबार वृत्तबाट इन्स्पेक्टर युवराज तिमल्सिना रहेको महाशाखाका प्रमुख एसएसपी थापाले जानकारी दिए ।

आइतबार राष्ट्रिय सभागृहमा आयोजित भरतमोहन अधिकारी स्मृति फाउण्डेसनको प्रथम स्मृति सभा सम्बोधन गरिरहेका प्रचण्डलाई लक्षित गर्दै तिरुवाले जुत्ता प्रहार गरेका थिए । त्यसलगतै उनीमाथि कार्यकर्ताहरुले कुटपिट गर्दै प्रहरीको जिम्मा लगाइएको थियो । उनीविरूद्ध बाँकी पृष्ठ २ मा



# सिरहामा तीन हजार ७०९ छोरीको बीमा

**सिरहा/मस-** प्रदेश २ सरकारद्वारा सञ्चालित 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमअन्तर्गत सिरहाका सबै स्थानीय तहमा छोरी शिक्षा बीमा शिविर सकिँदा तीन हजार ७०९ छोरीको बीमा गरिसकिएको छ । छोरा र छोरीबीचको विभेदलाई अन्त्य गर्दै छोरीहरुको पनि शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ सञ्चालित 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमलाई प्रभावकारी बनाउन प्रदेश २ को आठ वटै जिल्लाका स्थानीय तहमा छोरी शिक्षा बीमा शिविरहरु सञ्चालन गरेर छोरीहरुको बीमा गरिएको हो ।




सिरहाको १७ वटै स्थानीय तहमा छोरी शिक्षा बीमा शिविर सञ्चालन गरिएको हो । सिरहा नगरपालिकामा सबैभन्दा बढी ४९० र सबैभन्दा कम विष्णुपुर गाउँपालिकामा ९० छोरीको बीमा गरिएको सामाजिक सुरक्षा सिरहा जिल्ला संयोजक टीकाराम विश्वकर्माले जानकारी दिए । यसैगरी लहान नगरपालिकामा ४७२, मिर्चैया नगरपालिकामा २२०, सखुवानन्कारकट्टी गाउँपालिकामा १०४, कल्याणपुर नगरपालिकामा १९७, कर्जन्हा नगरपालिकामा २२९, नरहा गाउँपालिकामा ९३ र अर्नमा गाउँपालिकामा १२० छोरीको बीमा गरिएको छ ।

यस्तै गोलबजार नगरपालिकामा ३८४, धनगढीमाई नगरपालिकामा २९४, बरियारपट्टी गाउँपालिकामा १५४, औरही गाउँपालिकामा १४२, लक्ष्मीपुर पतारी गाउँपालिकामा २४५, भगवानपुर गाउँपालिकामा १४२, नवराजपुर गाउँपालिकामा १२२ र सुखीपुर नगरपालिकामा २११ छोरीको बीमा गरिएको छ ।

विसं २०७५ माघ १ देखि जन्मिएका छोरीको बीमा गरिएको संयोजक विश्वकर्माले बताए । विसं २०७५ माघ १ गते यता जन्मिएका छोरीलाई प्रदेश सरकारले शिक्षा बीमा गरिदिने घोषणा गरेअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै अभियान सञ्चालन गरिए पनि कर्मचारी अभावमा प्रभावकारी हुन नसकेपछि स्थानीय तहमै पुगेर छोरीहरुको बीमा गर्ने उद्देश्यकासाथ शिविरमार्फत बीमा कार्यक्रमलाई अगाडि बढाइएको हो ।

छोरीहरूको बीमाका लागि आवश्यक जन्मदर्ता, स्थानीय तहको सिफारिस, आमा वा बुबामध्ये एक जनाको नागरिकता र छोरी तथा अभिभावकको ६/६ थान फोटो आवश्यक रहेको हुँदा प्रदेश सरकारले शिविरमार्फत सबै प्रक्रिया पूरा गर्ने गरी आवश्यक प्रबन्ध मिलाएको छ । शिविरमा प्रभु बैंकका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि तथा वडा सचिवहरु, फोटोग्राफर एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधिको अनिवार्य उपस्थिति रहने गरेको छ ।

विसं २०७५ माघ १ पछि जन्मेका छोरीहरुको रु एक लाखको शिक्षा बीमा गर्ने घोषणा गरेको प्रदेश सरकारले त्यो रकमलाई वृद्धि गरी यो वर्ष रु तीन लाख पुर्‍याएको छ । शुरुमा २०७५ माघ १ गते पछि प्रदेशमा जन्मिएका छोरीहरु रु एक लाखको बीमा मात्रै थियो, तर यो बर्षदेखि त्यसलाई बढाएर रु तीन लाख पुर्‍याइएको हो । छोरी शिक्षा बीमाअन्तर्गत हालसम्म प्रदेश २ मा करिब १५ हजार छोरीहरुको बीमा गरिसकिएको छ । यसअघि नै बीमा गराइसकेका छोरीहरुले पनि यो सुविधा पाउने प्रदेश २ का मुख्यमन्त्रीका प्रेस सल्लाहकार आतेश मिश्रले बताए ।

यसका साथै यसै अभियानअन्तर्गत प्रदेश २ का अति विपन्न दलित तथा मुस्लिम परिवारका कक्षा १ देखि ८ सम्मका छात्राहरुलाई पनि प्रतिमहिना रु ५०० दिने योजनासमेत रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । यसै आर्थिक वर्षदेखि यसलाई पाइलट प्रोजेक्टको रूपमा शुरु गरिनेसमेत जनाइएको छ ।

यो अभियानमा स्थानीय सरकारहरुसँग समेत सहकार्य गर्न लागेको र स्थानीय सरकारले सहयोग गरे यो रकमलाई २० वर्षमा रु २० लाख पुर्‍याउने लक्ष्य लिएएको जनाइएको छ । प्रदेश २ सरकारले मुख्यमन्त्री 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमअन्तर्गत प्रदेश २ को ८ वटै जिल्लाका सामुदायिक विद्यालयहरुमा कक्षा ८ मा अध्ययनरत छात्राहरुलाई साइकलसमेत वितरण गरेको छ ।

# सिर्जना टोलमा नयाँ कार्यसमिति

**काठमाडौं/मस-** राजधानीको टोखा नगरपालिका वडा नं १० सृजना टोल विकास समितिको चौथो साधारणसभा सम्पन्न भएको छ । सो सभाले सर्वसम्मत रुपमा रामबहादुर रानाको अध्यक्षतामा नयाँ कार्यसमिति समेत निर्वाचित गरेको छ । सभाले कार्यसमितिको उपाध्यक्षमा कमल ढकाल, महासचिमा मोहन आचार्य, सचिवमा प्रतिभा घिमिरे खरेल र कोषाध्यक्षमा के.पी. सुवेदीलाई चयन गरेको हो ।



यस्तै कार्यसमिति सदस्यहरुमा युवराज खरेल, दाउद हुसेन, जमुना भट्ट र संगिता गोतामे रहेका छन् । सोही सभाले समितिको सल्लाहकारहरुमा कृष्णबहादुर रणपाल, बाशुदेव पोखरेल, आभूषण न्यौपाने र नारायण तिमल्सिनालाई मनोनयन गरेको छ ।

सभाले टोल सरसफाईलाई विशेष प्राथमिकता दिने, स्थानीय सांस्कृतिक एवं धार्मिक सम्पदाहरुको संरक्षण गर्ने, टोलवासीहरुको आर्थिक आर्जनकालागि पहल गर्ने लगायतका विषयमा जोड दिएको उपाध्यक्ष ढकालले मध्यान्हलाई बताए ।

# ध्वजावाहक विमान जापान पुग्दा खुशी भए नेपाली

**काठमाडौं/रासस-** नेपाल वायु सेवा निगमको सूर्य र चन्द्रसहितको ध्वजावाहक विमान जापान पुग्दा नेपालीहरु निकै हर्षित भएका छन् । काठमाडौँ-नारिता उडानका लागि सोमबार बिहान नेपाली समय १:२५ बजे उडान शुरु गरी जापानको समयानुसार १०:५० मा नारिता विमानस्थल पुग्दा नेपालीहरु खुशी देखिएका हुन् । नेपालकोभन्दा जापानको समय करीब तीन घण्टा छिटो छ ।

'नेपाल वायु सेवा निगमको ध्वजावाहक विमान सीधै जापान आउनु राष्ट्रको गौरवको कुरा हो,' हाल जापानको सेन्डाई शहरमा छ वर्षदेखि बस्दै आएकी कुसुम थामीले भनिन्, 'पहिला सिङ्गापुर, कतार, अरब जाने विमानमा आएर फेरि अर्को विमान चढेर जापान आउनुपर्थ्यो, सीधै आउँदा समय छोटो र पैसा पनि कम लाग्छ ।' निगमले नियमित उडान गरिदिए नेपाली तथा नेपालमा जाने जापानी पर्यटकका लागि सहज हुने उनको भनाइ थियो । 'निगमले सस्तोमा टिकट दिनुपर्छ भन्ने लाग्दैन, टिकटमा केही पैसा बढी भए पनि देश धनी हुन्छ,' उनले थपिन्, 'विमान नेपालबाट सीधै जापान आउँदा नेपाल राष्ट्रको पनि शान बढेको महसुस भएको छ ।'

निगमले साताको सोमबार, बुधबार र शुक्रबारको उडान इजाजत पाएको छ । सोहीअनुरुप सोमबार काठमाडौँबाट नारिता उडान भरेको हो । निगमसँग अन्तरराष्ट्रिय उडानका लागि दुई वाइड बडी ए-३३० जहाज छन् । त्यही जहाजबाट उडान हुनेछ ।

जापानको टोकियोमा एक दशकदेखि बस्दै आएका सुरेश बाँस्टाकोटीले पनि जापानमा सीधै नेपालको विमान आउँदा गौरवको अनुभूति भएको बताए । 'आफ्नो देशको झण्डासहितको विमान जापानमा आउँदा म त खुशीले भक्कानिएँ,' उनले सुनाए, 'जापानमा बस्ने नेपाल र पर्यटक सबैका लागि असाध्यै राम्रो शुरुआत हो ।' उनले पनि उडानले निरन्तरता पाओस् भन्ने शुभकामना व्यक्त गरेका छन् ।

## लोकतान्त्रिक एशोशिएसनको सल्लाहकारमा पुरी



काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एशोशिएसनको सल्लाहकारमा वरिष्ठ व्यवसायी शेषकान्त (एस.के) पुरी चयन भएका छन् । राजधानीको सामाखुशी टाउनप्लानिङस्थित लुलु इन्टरनेशनल प्रा.लि.का सञ्चालक पुरीलाई एशोशिएसनको कार्यसमिति बैठकले सल्लाहकारमा चयन गरेको हो ।

मध्यान्ह दैनिकमा सोमबार प्रकाशित यस सम्बन्धी समाचारमा शेषकान्त (एस.के) पुरी हुनुपर्नेमा अन्यथा भएकाले भूलसुधार गरिएको छ ।

# गण्डकीलाई उज्यालो प्रदेश घोषणा गरिने

**कास्की/मस-** गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले आगामी वर्षभित्रमा प्रदेशका सम्पूर्ण घरधूरीमा बिजुली बत्ती र आधारभूत खानेपानीको प्रबन्ध गरिने बताएका छन् । कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं १ र २ लाई जोड्ने गरी खारपानीस्थित सेती नदीमा निर्माण गरिएको पक्की मोटरेवल पुलको आज उद्घाटन गर्दै उनले प्रदेशका पाँच लाख ८७ हजार २१९ घरधूरीमा नै खानेपानी र बिजुली बत्तीको प्रबन्ध गर्ने अभियानका साथ सरकारअघि बढेको उल्लेख गरे ।

सरकारको पहिलो निर्णय दुई वर्षभित्र खानेपानी र बिजुली बत्ती पुर्‍याउने भएपनि तथ्याङ्क संकलनमा ढिलाइ हुँदा एक वर्ष समय खर्चिनुपरेकाले आगामी वर्ष सबै घरधूरीमा बत्ती र पानीको प्रबन्ध गर्नका लागि चालू वर्षमा ३४ खानेपानी आयोजना शुरुआत गरिएको तथा नेपाल विद्युत् प्राधिकरणको बुटवल र पोखरा क्षेत्रीय कार्यालयसँग प्रशारणलाइन पुर्‍याउने गरी सम्झौता भएको मुख्यमन्त्री गुरुङले जानकारी दिए ।

राष्ट्रिय प्रशारणलाइन पुग्न ढिलाइ हुने मुस्ताङ र उत्तरी गोर्खाका केही गाउँमा सोलार प्यानलबाट बत्ती लैजाने योजना रहेको बताउँदै उनले भने, 'धेरै बिजुली उत्पादन गर्ने प्रदेश भए पनि यहाँका नौ प्रतिशत घरमा बिजुली नपुग्दा टुकी बाल्नुपर्ने बाध्यताको अन्त्य गरी अर्को वर्ष गण्डकी प्रदेशका सम्पूर्ण घरमा बिजुली पुर्‍याएर उज्यालो प्रदेश घोषणा गर्दछौं ।'

प्रदेश सरकारले जनताको हित र ग्रामीण जनताको गरिबी हटाउँदै विकासका लागि सडक, खानेपानी, बिजुली, कृषि तथा पर्यटनमा नयाँ नयाँ योजनाअघि सारेर विदेश र पोखरामा बस्नेलाई गाउँ फर्काउने योजनामा रहेको उनले बताए । भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेतले प्रदेश सरकार गठनपछि २० पुल सम्पन्न भएका तथा १४५ सडक तथा पुलका योजना निर्माणको चरणमा रहेकामा यसै आर्थिक वर्षभित्रमा ३० देखि ४० पुल सम्पन्न हुने जानकारी गराए ।


वर्षौंदेखि सम्पन्न नभएका योजना प्रदेश सरकारलाई हस्तान्तरणपछि सम्पन्न हुँदै गएका बताउँदै उनले चालू वर्षमा १२१ झोलुङ्गे पुल निर्माण गरी जहाँ समस्या त्यहाँ प्रदेश सरकार भन्ने अभियानका साथअघि बढेको स्पष्ट पारे । प्रदेशसभा सदस्य रामजीप्रसाद बरालले गाउँपालिकाको रातोपानी, धिप्राङ र मर्दिखोलामा पक्की मोटरवेल पुल निर्माणका लागि योजना पेश गरिएको बताउँदै यसबाट गाउँपालिकाका नौवटै वडा तथा पोखरासम्म सडक सञ्जालले छुने जानकारी गराए ।

साविक जिल्ला विकास समितिबाट विसं २०७२ चैत १९ गते निर्माण सम्झौता भएको सो पुल प्रदेश सरकार गठनपछि पूर्वाधार विकास कार्यालय मातहतमा आएको थियो । कूल रु चार करोड नौ लाख ३३ हजार ७४० लागतमा निर्माण गरिएको प्रि-स्ट्रेसड आरसीसी बक्स ग्रिडर डिजाइनको सो पुल ५८ मिटर लामो छ ।

नेपालमा भित्रिएको पछिल्लो प्रविधिलाई अनुशरण गरी निर्माण गरिएको पुल प्रदेशको पहिलो रहेको पूर्वाधार कार्यालयका प्रमुख एवं डिभिजनल इञ्जिनीयर शोभियत खड्काले बताए । गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले ऊर्जा, कृषि तथा पर्यटन विकासका माध्यमबाट समृद्धि प्राप्तिमा अघि बढेको उल्लेख गरे ।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश कमिटी सदस्य मिना गुरुङ, गाउँपालिका उपाध्यक्ष कृष्णकुमारी दवाडी, डोलिडारका पूर्वडिभिजनल इञ्जिनीयर गङ्गाबहादुर बस्नेत, स्थानीयवासी भीमबहादुर गुरुङ, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत कुमानसिंह गुरुङ लगायतले पुल अभावमा गाउँपालिका कार्यालयसम्म पुग्न पोखरा हुँदै जानुपर्ने अवस्थाको अन्त्य भएको र ग्रामीण जनतामा खुशीयाली छाएको उल्लेख गरेका थिए ।

# नेपाल–बंगलादेश वाणिज्य वार्ता आजबाट ढाकामा



**काठमाडौं/मस-** नेपाल-बंगलादेश वाणिज्य सचिवस्तरीय संयन्त्रको पाँचौं बैठक आजदेखि ढाकामा हुँदैछ । बैठकमा भाग लिन वाणिज्य सचिव बैकुण्ठ अर्याल नेतृत्वको आठ सदस्यीय प्रतिनिधिमण्डल सोमबार त्यसतर्फ प्रस्थान गरेको छ ।

दुईदिनसम्म हुने उक्त बैठकमा नेपाल-बंगलादेश वाणिज्य, व्यापार, लगानीलगायत पारस्परिक व्यापार प्रवर्द्धनका सबै पक्षमा विचार विमर्श हुनेछ । बैठकमा द्विपक्षीय लगानी संरक्षण तथा प्रवर्द्धन सम्झौता (बिप्पा) गर्ने बारेको प्रारम्भिक छलफलसमेत हुने बताइएको छ । बंगलादेशले नेपालसँग बिप्पा गर्न अभिमत व्यक्त गर्दै आएको छ ।

बैठकमा वाणिज्य मन्त्रालयका सहसचिव नवराज ढकाल, भन्सार विभाागका महानिर्देशक सुमन दाहाल, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागका महानिर्देशक मदिना जोशी, साल्ट ट्रेडिङ कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठलगायत छन् ।

## प्रधानमन्त्रीको...

शान्ति, प्रेम र विश्वासको जग मजवुत तुल्याउन सकिन्छ । कुनै समय मुर्छित रहेका हाम्रा सपनालाई हामी सबै मिलेर जगायौं । त्यसलाई व्यूँताउनका लागि गत निर्वाचनमा मेरो नेतृत्वको वरिपरि तपाईहरु सबैले आफूलाई उभ्याउनु भयो ।

यस बर्षलाई हामीले समृद्धिको आरम्भ बर्ष भनेका छौं । जसरी खेलको बीचमा 'राम्रो खेलाडी'ले मैदान छोड्दैन, त्यसैगरी हाम्रा भरखर जागृत हुँदै गरेका सपनालाई बीचमा अलपत्र पारेर म अलप हुन्न । संसारमा कोही पनि अजम्बरी छैन । मेरो यो संकल्प पनि अजम्बरी बन्न हैन, हाम्रा जागृत हुँदै गरेका सपनालाई साकार पार्नका लागि हो भन्ने यहाँहरुले बुझ्नु नै भएको छ ।

म पुन: एकपटक आग्रह गर्दछु, मेरो स्वास्थ्यलाई लिएर यहाँहरु ढुक्क रहनुहोस् । हामीले देखेको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाक्षां पूरा गर्न केही दिनको अस्पताल बसाई र आराम पछि थप उर्जा र आत्मविश्वास लिएर म काममा फर्कनेछु ।

यस बीचमा सरकारका तर्फवाट गर्नुपर्ने सबै काम नियमित रुपमा अघि बढ्ने छन् । विश्वलाई नै पिरोली रहेको कोरोना भाइरसका कारण सिर्जना भएको नयाँ समस्या होस् वा भैपरि आउने कुनै पनि विषय, त्यसलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न परेको समयमा आवश्यक निर्णय लिन सक्ने संयन्त्र र अन्य व्यवस्था मिलाएको छु ।

मेरो अस्पताल बसाईको समयमा पार्टी र संसद दुवैतिर आवस्यक कार्य सम्पादन गर्न जिम्मेवार नेताकार्यकर्ता, सांसदहरू र लाखौं पार्टी सदस्यहरू निरन्तर क्रियाशील हुनेमा म विश्वस्त छु ।

मेरो शीघ्र स्वास्थ्यलाभको कामना गर्नु हुने स्वदेश र विदेशका सबै मित्र तथा शुभेच्छुकहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छु ।

धन्यवाद ।

१९ फागुन, २०७६

## तरलताको...

नेपाल भ्रमण वर्ष र सगरमाथा सम्वाद स्थगित गर्नुपर्ने अवस्था आएको छ । यसले फेरि पनि प्रधानमन्त्री ओलीले लिएको सपना र उद्देश्यमाथि नै प्रश्न उठेको छ । एकातिर, मुलुकलाई कोरोनाबाट जोगाउनुपर्नेछ भने अर्कातिर जनअपेक्षा पूरा हुन नसकेको भनी तीव्र आलोचना खेपिरहेका छन् । प्रधानमन्त्री ओली स्वयम्ले आफूलाई आफ्नैहरुबाट प्रतिकुलता सिर्जना गरिएको गुनासो गरिसकेका छन् ।

पाँच वर्षे स्थीर सरकारको जनमत पाएको नेकपा नेतृत्वको सरकार प्रमुख ओली स्वास्थ्य, आन्तरिक राजनीति र आम गुनासोको अप्ठ्यारोमा परिरहेका बेला बाँकी अन्य दलहरु समेत भयानक संक्रमणमा देखिएका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस आन्तरिक किचलोका कारण राष्ट्रिय मुद्दा पहिचान गर्न नै असमर्थ देखिदै आएको छ भने अन्य साना दलहरुको अवस्था उस्तै छ । यसले मुलुक फेरि स्थीरताबाट अस्थिरतातर्फ कतै उन्मुख हुने त होइन भन्ने सन्देशको संघारमा उभिएको प्रष्ट अनुभूति गर्न सकिन्छ ।

## संसद्मा ...

गाँजा भित्र्याउनु अघि पनि अनुमति प्राप्त गर्ने निकायमा जानकारी गराउनुपर्ने कडा नियम प्रस्ताव गरिएको छ । त्यस्तै गाँजाको विज्ञापनमा प्रतिबन्ध गरिएको छ । विधेयकले गाँजाको बिक्री वितरणलाई समेत व्यवस्थित बनाउन प्रस्ताव गरेको छ । कृषकले गाँजा, सुकेको गाँजाको पात वा हाँगा रहेको प्याकेट वा गाँजा वा भाङको दाना वा फुल रहेको प्याकेटमा लेबल राखेर मात्र बिक्री गर्न पाउने प्रावधान विधेयकमा छ । उत्पादन भएको स्थान, अनुमति पत्र नंम्बर, चेतावनीमुलक सूचना र प्याकेट भित्रको परिणाम खुलाएर मात्र कृषकले बेच्न पाउनेछन् । गाँजा बिक्री वितरण गर्न चाहनेले समेत अनुमपति पत्र लिनुपर्ने प्रावधान विधेयकमा छ ।

विधेयकमा अनुमति नलिई गाँजा खेती गरे वा बिक्री वितरण गरे १ वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था छ । त्यस्तै लेबल नलगाए ६ महिनासम्म कैद र १ लाखसम्म जरिवाना हुन सक्नेछ । विधेयकमा गाँजा खरिद कर्ताको नाम थर र ठेगाना खुलाएर मात्र तोकिए बमोजिमको परिणाममा नबढ्नेगरी बिक्री वितरण खुल्ला गर्न प्रस्ताव गरिएको छ । तर खरिदकर्ता भने चिकित्सकको प्रेष्कृप्सन प्राप्त व्यक्ति हुनुपर्नेछ । अथवा गाँजा खरिद गर्न स्वीकृत प्राप्त व्यक्ति वा कम्पनी हुनुपर्नेछ । तामाङले २१ वर्ष पूरा नभएका वा गर्भवति महिलालाई बिक्री वितरण गर्न वा नि:शुल्क उपलब्ध गराउन नपाइने प्रावधान विधेयकमा प्रस्ताव गरेका छन् ।

## इम्बोस्डको..

गरेपछि इम्बोस्ड नम्बर प्लेटको छपाइको काम अघि बढाउने बाटो खुलेको हमालले जनाए । २०१६ मे मा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग र बंगलादेशी कम्पनी डेकाटुर टाइगर बीच ५ वर्ष भित्र २५ लाख इम्बोस्ड नम्बर प्लेट छाप्नेगरी ४ अर्ब ९० करोड २० लाख (४३ मिलियन डलर) को सम्झौता भएको थियो । अदालतले अन्तरिम आदेश दिनु अघि करिब ४ हजार ६ सयवटा सवारी साधनमा मात्र नम्बर प्लेट जडान भएको थियो ।

यातायात व्यवस्था विभागले मोटरसाइकललाई २ हजार ५ सय, तीन पांग्रे सवारीलाई २ हजार ९ सय, चारपांग्रे सवारीलाई ३ हजार २ सय र हेभी सवारीलाई नम्बर जडान गर्न ३६ सय रुपैंया शुल्क निर्धारण गरेको थियो ।

## सरकारले ...

हजार ९ सय ३ जनाले भने स्वास्थ्यलाभ गरेका छन् ।

चीनपछि दक्षिण कोरियामा सबैभन्दा धेरै कोरोनाका बिरामी भेटिएका छन् । कोरियाका २६ जनाले कोरोनाबाट ज्यान गुमाउँदा ४ हजार ३ सय ३५ जना संक्रमणमा परेका छन् । दक्षिण कोरिया नेपाली कामदारको आकर्षक श्रम गन्तव्य हो । यहाँ ४० हजारभन्दा बढी नेपाली छन् । इटली, डाइमन्ड प्रिन्सेस, इरानसहित अन्य ६५ देशमा पनि कारोनाको संक्रमण भेटिएपछि यसलाई लिएर चौतर्फी चिन्ता व्यक्त हुन थालेको छ ।

## सावधानी ...

पनि सुझाएको छ । यदि जानै परेमा सजगता नपनाउन भनेको छ ।

साउदी अरबमा विभिन्न मुलुकका नागरिकहरु कार्यरत रहेकाले भेटघाटदेखि अभिभावदनसम्मका गतिविधिमा सतर्क हुन दूतावासले आग्रह गरेको छ ।

कार्यक्रमहरु सकेसम्म नगर्न र गर्नै परेमा मास्कको प्रयोग गर्न दूतावासले आग्रह गरेको छ ।

## जुत्ता...

अभद्र व्यवहारको मुद्दा चलाउने तयारी भइरहको महानगरीय प्रहरी परिसरका प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिए । उनले भने,'प्रहरीले पक्राउ गरी ल्यायो अब अभद्र व्यवहारको मुद्दामा अघि बढ्छ ।'

**भूल सुधार**

मिति २०७६/११/१९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनी : Al Sanabel Al Thahabiah Sweets Bakery चलानी नं.: ६०१५२७६५, र LT. No.: 234293 को विज्ञापनमा साउदीमा रोजगारको अवसर शिर्षक, र शहर SAUDI & मासिक तलव SR 1500 ने.रु. ४६,०८० हुनपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ ।

लाईफ लाईन ओभरसिज प्रा. लि.

**Saudi मा रोजगार** | कम्पनी: NOURA OWAID MATER AL-MUTAIRI CONTRACTING EST. शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८५० L.T. No.: 232735

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 2000 | ६१,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २७ गते (10 March 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

एस.एन.एच.आर. म्यानपावर प्रा.लि.
कालिमाटीडोल, एयरपोर्ट, सिनामंगल, काठमाडौं, नेपाल
Govt. Lic. No.: 1427/074/075
फोन : ०१-४११२७२९, ४११२५१२, मो.: ९८५११९४५१३, ९८०१३४५५५०, ९८०१३४५५५१

**मलेसियामा रोजगारको अवसर** | कम्पनी : SELEKSI KENTAL SDN BHD शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२७२४ LT. No.: 234273

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 0 | स. काममा दक्ष | 1200 | ३२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २७ गते (10 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

R.B. RECRUITMENT SERVICES PVT. LTD.
Chabahil-7, (Opposite of KL Tower), Kathmandu, Phone : +977-01-4495967, +977-01-4468206
+977-01-4484094, Mobile: +977-9851096571, +977-9801095966, +977-9801095967
E-mail: rbrs929@gmail.com,, Web.: www.rbrs.com.np

**OMAN मा रोजगार** | कम्पनी : ARABIAN INDUSTRIES MANUFACTURING LLC शहर : OMAN

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२७८६ LT. No.: 234312

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Semi Skilled | 3 | 0 | स. काममा दक्ष | 120 | ३६,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, सुकेधारा, काठमाडौंमा फागुन २७ र २८ गते (10 & 11 MArch 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Seagull International Global H.R. Consultants Pvt. Ltd.
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal, Tel : 4375822, 4375824,
Mob.: 9841781155, 9813198481, 9808265859, 9842692598, 9805277646
E-mail: infobiraddocumentation@gmail.com
इजाजत नं.: ৪০৬/০৬০/০৬१

# कांग्रेसले तोक्यो थप सात केन्द्रीय विभागका प्रमुख

काठमाडौं/मस- नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको विधानअनुसार थप सात केन्द्रीय विभागका प्रमुखमा विभिन्न केन्द्रीय सदस्यलाई मनोनयन गरेका छन् । यसअघि उनले शनिबार पार्टीका १३ केन्द्रीय विभागमा प्रमुख तोकेका थिए ।

सभापति देउवाले सोमबार पार्टीका केन्द्रीय सदस्य एनपी साउदलाई शुभेच्छुक संस्था समन्वय, अम्बिका बस्नेतलाई वन, वातावरण तथा विपत् व्यवस्थापन, ईश्वरी न्यौपानेलाई महिला, केशवकुमार बुढाथोकीलाई राज्य प्रशासन, मोहनबहादुर बस्नेतलाई खेलकुद, वीरबहादुर




बलायरलाई निर्माण व्यवसायी समन्वय र हरिप्रसाद नेपाललाई शिक्षा विभागका प्रमुखमा मनोनयन गरेको कांग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

कांग्रेसको विधानमा २८ केन्द्रीय विभाग गठनको व्यवस्था भए पनि गत पुस ११ गतेको केन्द्रीय समिति बैठकले विभाग बढाउन सक्ने विधानको अधिकार प्रयोग गरी विभागको संख्या बढाएर ४७ पुऱ्याइएको थियो । कांग्रेसको वर्तमान केन्द्रीय कार्यसमितिको नियमित अवधि समाप्त हुन लागेपछि नेतृत्वले केन्द्रीय विभाग गठन गर्न थालेको छ ।

कांग्रेसको १३औं महाधिवेशन विसं २०७२ फागुन २० देखि २३ गतेसम्म काठमाडौंमा सम्पन्न भएको थियो । कांग्रेसको विधानको दफा ४३ मा पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्षको हुने उल्लेख छ । साथै सोही दफामा असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्था उल्लेख छ ।

विधानको उक्त प्रावधानमा टेकेर कांग्रेसले पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि यही फागुन २० गतेदेखि लागू हुने गरी विसं २०७७ फागुन १९ गतेसम्म एक वर्षका लागि थप गर्ने निर्णय गरिसकेको छ । कांग्रेसले पार्टीको १४औं केन्द्रीय महाधिवेशन विसं २०७७ फागुन ७ देखि १० गतेसम्म काठमाडौंमा गर्ने निर्णय गरेको छ ।

# 'कमीकमजोरी सच्याउँदै अघि बढ्नुपर्छ'

**धनगढी/मस-** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वरिष्ठ नेता माधवकुमार नेपालले पार्टी एकता प्रक्रियामा भएको ढिलाइ र कमीकमजोरी प्रति आत्मआलोचना गर्दै सच्चिएर अघि बढ्नुपर्ने बताएका छन् । नेकपा सुदूरपश्चिम प्रदेशस्तरीय कार्यकर्ता भेलामा सोमबार सम्बोधनका क्रममा पूर्वप्रधानमन्त्रीसमेत रहेका उनले भने, 'पार्टीका विद्यमान कमिटीलाई मिलाएर वैज्ञानिक आधारमा एकता प्रक्रियामा गएको भए एकता प्रक्रियामा समस्या आउने थिएन ।' पार्टीलाई कसैले विघटनको दिशामा जान्छ भनेर सोचेको भए उसको सपना पूरा नहुने बताए । उनले भने, 'यो पार्टीलाई सुदृढ गर्नेबाहेक विकल्प छैन ।'

उपप्रधानमन्त्री ईश्वर पोखरेलले जनचाहनाअनुसार तत्कालीन नेकपा (एमाले) र माओवादी केन्द्र एक भएको उल्लेख गर्दै जनताले दिएको



अभिभारा पूरा गर्न पार्टी प्रतिबद्ध रहेको बताए । वर्तमान अवस्थामा देशभित्र र बाहिरका शक्तिले सरकारमाथि चुनौती खडा गरिरहेको उनले उल्लेख गरे । उनले भने, 'पार्टी एकताको कामलाई कमजोर पार्ने काम स्वीकार्य हुँदैन ।'

नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले नेताहरुको दृढ इच्छाशक्तिले दुई पार्टीबीचको एकता सम्भव भएकाले भेलामा पार्टीको आलोचना नभई नीति विचारमा बहस चलाउनुपर्ने बताए । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले पार्टीको मर्म र भावनाअनुसार नेता कार्यकर्ता अघि बढ्नुपर्नेमा जोड दिए ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले सरकारले गरेका काम जनता समक्ष पुऱ्याउने काममा सकारात्मक भूमिका निर्वाह गर्न आग्रह गरे । सो पार्टीका प्रदेश इन्चार्ज भीमबहादुर रावलले विधि पद्धति र प्रक्रियाबाट पार्टी चल्नुपर्नेमा जोड दिए । भेलामा नेकपाका प्रदेश अध्यक्ष कर्णबहादुर थापा, नेता खगराज भट्ट, लक्ष्मणदत्त जोशी, भानुभक्त जोशी लगायतले बोलेका थिए ।

# डोल्पाको एक गाउँमा अज्ञात रोगको महामारी

**डोल्पा/मस-** त्रिपुरासुन्दरी नगरपालिका-१ मा पर्ने करेलीकाँडा गाँउका बासिन्दा अज्ञात रोगका कारण थला परेका छन् । मुकुटेश्वर हिमालको फेदीमा रहेको उक्त गाँउमा अज्ञात रोगले ४० भन्दा धेरै गाउँका बासिन्दा थला परेका स्थानीय सुवास लामाले जानकारी दिए ।

'पैंतालीस घरधुरी भएको करेलीकाँडा गाँउमा अधिकांश रोगले थला परेको एक साता धेरै भइसक्यो, घरैपिच्छे बिरामी देखिन थालेका छन्,' उनले भने, 'एकपछि अर्को गरेर गाँउभरि नै रोग फैलिन लागिसक्यो, औषधि भने छैन ।' अज्ञात रोगका कारण साना बालबालिकादेखि वृद्धवृद्धासम्म सिकिस्तै बिरामी परेका छन् । गाँउबाट स्वास्थ्यचौकी टाढा भएकाले बिरामी नै हिँडेर पुग्ने अवस्था नभएको उनले जानकारी दिए । उक्त रोगबाट ग्रसित बिरामीमा एक्कासी टाउको दुख्ने, ज्वरो आउने, रिङ्गटा लाग्ने र बान्ता हुनेजस्ता लक्षण देखिने गरेको स्थानीयले बताएका छन् ।

उक्त लक्षण देखिएका बिरामीसँगै बसेर कुरा गरेको केही समयपछि स्वस्थ व्यक्तिमा पनि ज्वरो आउने, टाउको दुख्ने, बान्ता हुनेजस्ता लक्षण देखिने गरेको अर्का स्थानीय विष्णु बुढाले बताए । 'एकै घरका नौ जनासम्म बिरामी छन्, दैनिकजसो रोग फैलँदै छ, औषधि नभएकाले सबैले औषधि खान पाएका छैनन्,' उनले भने । उक्त लक्षण देखिएका बिरामी गाँउदेखि एक घण्टा समय लाग्ने त्रिपुराकोट बगरमा रहेका निजी क्लिनिकमा पनि उपचारका लागि आउने गरेका छन् । केही दिनयतादेखि करेलीकाँडा गाँउबाट मात्रै दैनिकजसो उपचार गर्न बिरामी आउने गरेका मनिष मेडिकलका सञ्चालक गोरबहादुर विकले जानकारी दिए ।

**काठमाडौंबाट फर्केकाबाट फैलिएको आशंका**

काम विशेषले काठमाडौं गएर गाँउ फर्केका व्यक्तिबाट रोग फैलिएको र एक घरमा दुई जनासम्म बिरामी परेका स्थानीय ताम्बा लामाले बताए । भर्खरै चिसो मौसमबाट गर्मी मौसम शुरु भएकाले रोग मौसमी फ्लुसमेत हुनसक्ने स्थानीय स्वास्थकर्मीको आशंका छ ।

अज्ञात रोगका कारण गाउँनै थला परेको खबर पाएपछि प्रहरी र स्वास्थकर्मीको टोली प्रकोप क्षेत्रमा गइरहेको त्रिपुरासुन्दरी नगरपालिकाले जनाएको छ । स्थानीय जयबहादुर लामा र ताम्बा लामा निवेदन सहित गाउँमा स्वास्थ्यकर्मी औषधिसहित पठाउन माग गर्दै नगरपालिका कार्यालय पुगेका थिए ।

# राष्ट्रिय सुरक्षासम्बन्धी उच्चस्तरीय अध्ययन कक्षा

**काठमाडौं/मस-** नेपाली सेनाको शिवपुरीस्थित आर्मी कमान्ड एन्ड स्टाफ कलेजमा राष्ट्रिय सुरक्षासम्बन्धी उच्चस्तरीय अध्ययन कक्षा सोमबारदेखि शुरु भएको छ । राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितबारे एकै खालको बुझाइ र समान धारणा बनाउन योगदान पुगोस् भन्ने हेतुले आयोजना गरिएको उक्त कक्षामा रक्षा, गृह, वन तथा वातावरण र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका उच्च तहका अधिकृत सहभागी छन् । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक तथा नेपाल रेडक्रसका प्रतिनिधिलगायत २१ अधिकृतको उक्त कक्षामा सहभागिता छ ।

कक्षाको उद्घाटन समारोहमा प्रधानसेनापति पूर्णचन्द्र थापाले राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितको प्रवर्द्धनका लागि नीतिनिर्माण तहमा रहने र कार्यान्वयन गर्नेबीच वर्तमान र भविष्यमा आउन सक्ने सुरक्षा चुनौतीको विश्लेषण, अनुभव आदान-प्रदान गरी समान बुझाइ र साझा धारणा बनाउन कक्षा सहज हुने बताए । मुलुकको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र मानवीय पक्षलाई




समेट्ने सुरक्षाको बहुआयामिक महत्वबारे ज्ञान आदान-प्रदान र बुझ्न सहज हुने बताउँदै उनले कक्षामा प्राप्त ज्ञानबाट विपद्का समयमा सरोकारपक्षबीच सहकार्य र एकता कायम हुने विश्वास व्यक्त गरे ।

रक्षा मन्त्रालय र नेपाली सेनाद्वारा संयुक्तरूपमा सञ्चालित पाँचौं शृंखलाको उक्त कक्षामा सुरक्षा नीतिअन्तर्गत सार्वजनिक र निजी मूल्यमान्यता, राष्ट्रिय सम्मान र गौरव, जीउधन एवं सामाजिक-सांस्कृतिक मूल्यमान्यताको सुरक्षा र संरक्षणका विषयमा पनि ज्ञान दिइनेछ । राष्ट्रिय सुरक्षाले भौगोलिक, सामाजिक, आर्थिक र राजनीतिक रूपमा देशको पूर्ण सुरक्षालाई बुझाउने र त्यसले मुलुकको अर्थतन्त्र, न्याय र समृद्धिमा विशिष्ट योगदान पुऱ्याउन सक्ने पाटोबारे कक्षामा विश्लेषण गरिने बताइएको छ ।

रक्षा मन्त्रालयका सचिव रेश्मीराज पाण्डेले विश्वमा देखिएका नयाँनयाँ सुरक्षा चुनौती र चासोलाई सामना गर्न हामीबीचको सामूहिक छलफल पनि महत्वपूर्ण हुनसक्ने धारणा व्यक्त गरे । कलेजका प्रमुख उपरथी ईश्वर हमालले सामाजिक मूल्यमान्यताको संरक्षण गर्न र प्राकृतिक प्रकोप तथा विपद्का समयमा सहकार्यका साथ काम गर्न सहज तुल्याउन कक्षा कोसेढुंगा साबित हुनेछ भने । उक्त कक्षा १५ दिने तालीममा सुरक्षा, परराष्ट्र, ऊर्जा, आतंकवाद, कूटनीति, साइबर चुनौती, सञ्चार र राष्ट्रिय सुरक्षालगायत विषयमा विज्ञविद्वान्बाट प्रस्तुति हुनेछ ।

# भक्तपुरमा घट्यो आपराधिक घटना

**भक्तपुर/रासस-** केही वर्ष अघिसम्म अपराध गर्न, अपराधी लुक्न सुरक्षित मानिँदै आएको भक्तपुर जिल्लामा गत वर्षको तुलनामा यस वर्ष अपराधका घटनामा कमी आएको छ । महानगरीय प्रहरी परिसर भक्तपुरले गत आर्थिक वर्ष २०७५/०७६ र चालु आव २०७६/०७७ को साउनदेखि माघसम्म जिल्लामा घटेका अपराधका घटनाको तथ्यांक सार्वजनिक गर्दै अपराधका घटनामा कमी आएको जानकारी दिएको हो ।

प्रहरीले सार्वजनिक तथ्यांकका बारेमा जानकारी दिँदै महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता दीपक गिरीले जिल्लामा कर्तव्य ज्यान, सवारी ज्यान, चोरीडाँका, लुटपाट, अपहरण, लागुऔषध, जबर्जस्ती करणीलगायतका आपराधिक घटनामा कमी आएको जानकारी दिए ।

आव २०७५/०७६ मा अपराध सम्बन्धी ६७९ वटा मुद्दा दर्ता भएकोमा चालु आव २०७६/०७७ को माघसम्ममा ४५९ मात्रै मुद्दा दर्ता भएका छन् । उनले गत वर्षको साउनदेखि माघसम्ममा हत्याका पाँच वटा घटना भएकामा यस वर्षको यो अवधिमा एउटा मात्रै हत्याको घटना घटेको जानकारी दिए ।

त्यस्तै गत वर्ष सवारी दुर्घटनामा ३७ जनाको ज्यान गएकामा चालु आवको सोही महिनासम्ममा दुर्घटनामा १७ जनाको ज्यान गएको र यसमा पनि कमी आएको उनको भनाइ छ । अपहरणतर्फ भने गत वर्ष एकवटा अपहरणका घटना घटेकोमा यस वर्षको माघसम्म पनि एक वटा घटना घटेको छ । गत आवमा जबर्जस्ती करणीका ३४ घटना घटेकोमा चालु आवको माघसम्म २१ घटना घटेको जानकारी दिँदै यो संख्यालाई बढ्न नदिने गरी प्रहरी परिचालन भएको प्रवक्ता गिरीले जानकारी दिए ।

प्रहरीले सार्वजनिक गरेको तथ्यांकअनुसार गत आवमा ३६ लागुऔषधका घटना घटेकोमा चालु आवको माघसम्ममा १० वटा घटना भएको छ । तथ्यांकले गत आवको माघसम्म ९९ चोरी डकैती एवं लुटपाटका घटना भएकोमा चालु आवको यही महिनासम्ममा ५५ मात्रै यस्ता घटना भएको देखाएको छ । बैंकिङ कसुरतर्फ भने गत आवको तुलनामा यो आवको माघसम्म बढेको पाइएको छ । गत आवको माघ महिनासम्ममा ७६ वटा बैंकिङ कसुरका घटना भएकोमा चालु आवको माघसम्म त्यो संख्या बढेर ८२ मा पुगेको छ ।

# २१ ट्याक्सी चालक सम्मानित

**काठमाडौं/मस-** महानगरीय ट्राफिक प्रहरी महाशाखाले असल ट्याक्सी चालकहरुलाई सम्मान गरेको छ । महाशाखाले ट्याक्सीमा छुटेको नगद, गरगहना र महत्वपूर्ण सामानहरु आफै आई महाशाखामा बुझाउने ट्याक्सी चालकहरुलाई सोमबार एक कार्यक्रम गरी सम्मान गरेको हो ।

आर्थिक वर्ष २०७६/०७७ भित्र विभिन्न समयमा यात्रुले ट्याक्सीमा छोडेको सामान बझाउन ल्याउने २१ जना चालकलाई सम्मान गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखा प्रमुख, प्रहरी वरिष्ठ उपरिक्षक भिमप्रसाद ढकालले बताए । उनले यात्रुहरुले यात्रा गर्दा भुलेर ट्याक्सीमा कुनै सामान छुटेको र ट्याक्सी चालकहरुले आफै प्रहरीमा बुझाई मानविय सहयोग गरेकाले सम्मान गरिएको बताए ।

आफ्नो ट्याक्सीमा छुटेका सामान इमान्दार भएर फिर्ता गर्दा ट्राफिक प्रहरीले सम्मान गरेकोमा आफुहरुलाई अझ बढी जिम्मेवार बनाएको ट्याक्सी चालकहरुले बताएका छन् । ट्याक्सी चालक रिधबहादुर थापाले ट्राफिक



प्रहरीबाट असल ट्याक्सी चालकको रुपमा सम्मानित हुन पाउँदा थप हौसला मिलेको बताए ।

ट्याक्सी चालक रोएत बहादुर रोक्काले आफ्नो ट्याक्सीमा छुटेको समान प्रहरीमा बुझाउँदा सम्मानित हुन पाउनु खुसिको कुरा भएको बताए । उनले भलुवस ट्याक्सीको पछाडि समान छुट्ने तर आफुहरुले थाहा नपाउँदै अर्को प्यासेन्जरले सामान लगेको अवस्थामा उजुरी पर्दा आफुहरुलाई समस्यामा पर्ने गरेको बताए । यस्तो अवस्थामा प्रहरीले उचित अनुशन्धान गर्नुपर्ने उनले बताए ।

ट्राफिक प्रहरीले चालु आर्थिक वर्षको फागुन १६ गते भित्र ट्याक्सीमा छुटेको सामान आफैले प्रहरीमा बुझाएका २१ जना ट्याक्सी चालकहरुलाई सम्मान गरेको हो । त्यस्तै यो अवधिमा ट्याक्सीमा सामान छुटेर आवेदन दिनेको संख्या ३ सय ९५ जना रहेको र त्यस मध्ये २ सय ८० जनाको १ करोड ४८ लाख ६० हजार ३ सय ६५ रुपैयाँ बराबरको सामान फेला परेको छ । त्यस्तै ६३ जनाको निवेदन अनुसार सवारी साधन फेला परेपनि सामान पाउन नसकिएको र ५२ जनाको सवारी नम्बर समेत फेला नपरेको ट्राफिक प्रहरीले जनाएको छ ।

# दलित भएकै कारण कोठा छोड्न दबाब

**काठमाडौं/मस-** काठमाडौंमा डेरा गरी बस्ने विद्यार्थीहरुलाई घरबेटीले दलित भएकै कारण अपमान र घर छोड्न दबाब दिएको भन्दै पीडित विद्यार्थीहरुले प्रहरीमा उजुरी दिने घोषणा गरेका छन् । सोमबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलनको आयोजना गरेर उनीहरुले यस्तो जानकारी गराएका हुन् ।

कैलाली र दैलेख स्थायी घर भई काठमाडौंमा विभिन्न क्याम्पसमा अध्ययनरत चार जना विद्यार्थीहरुलाई दलित भन्दै घरबेटीले अपमान गरेको उनीहरुको गुनासो छ । काठमाडौंको तारकेश्वर नगरपालिका वडा नम्बर-१० मा रहेको श्रीकृष्ण बिडारी (सरकारी कर्मचारी) को घरमा डेरा गरी आफूहरु बसिरहेको उनीहरुले जानकारी दिए । उनीहरुले दिएको जानकारीअनुसार उक्त घरमा उनीहरु गत मंसिर १३ गतेदेखि बसेका हुन् ।

उक्त घरमा डेरा गरेरै बसेकै दिन घरबेटी श्रीकृष्णकी छोरीले आफूहरुसँग परिचय गरेको दिपा नेपालीले जानकारी दिइन् । उनले भनिन्, 'हामी त्यो घरमा बसेकै दिन घरबेटीकी छोरीले हामीसँग परिचय गर्नुभएको थियो । त्यसको भोलिपल्ट घरबेटी बिडारी दम्पत्तिद्वयले तपाईहरु 'दलित हुनुहुँदो रहेछ, समाजले पनि तपाईहरुलाई यहाँ बसेको रुचाउँदैन्, र यही घरमा भाडामा बस्नेहरुले पनि घर छोडेर जान्छु भने भनेर कोठा छोडेर जान दबाब दिनुभयो ।'

उनले आफूहरुलाई जातकै कारण कोठा छोड्नका लागि दबाब दिएको गुनासो पोखिन् । उनले भनिन्, 'मैले एक कार्यक्रममा मानवअधिकारवादीसँग यस्तो भयो भनेर गुनासो पोखेको थिएँ, त्यहीँबाट मानवअधिकारकर्मीले हाम्रो घरबेटीलाई फोन गर्नुभएको थियो, उहाँकाअनुसार अब हामीलाई बसुञ्जेलसम्म बस्न दिने भनेर घरबेटीले भन्नुभएको थियो




र हामीलाई पनि परिचय दिएर बस्नुहोला भन्नुभयो ।'

तर, एक्कासी घरबेटीले आफूहरुलाई विभिन्न बहाना देखाएर घर छोड्न दबाब दिएको पनि उनले गुनासो पोखिन् । उनले घरबेटीमात्रै नभएर त्यही घरमा भाडामा बस्ने अन्य सदस्यहरुले पनि घरबेटीसँग मिलेर आफूहरुमाथि अभद्र तथा गाली, बेईज्जति शब्द प्रयोग गरेको गुनासो पोखिन् । जातीय विभेद गरेर आफूहरुमाथि स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारमाथि कुण्ठित गरेको र बारम्बार मानसिक तथा मनोवैज्ञानिक दबाब दिएको पनि उनले गुनासो पोखिन् । उनले भनिन्, 'हामी पढ्ने विद्यार्थीहरुमाथि यो ठूलो मानसिक यातना हो ।'

आफूहरु कानूनी उपचारमा जाने उनले घोषणा गरिन् । उनले प्रहरी प्रशासनमा उजुरी दिने पनि आफूहरुको तयारी रहेको बताइन् । उनले आफूहरुमाथि जातीय विभेद नगर्न पटक-पटक आग्रह गर्दापनि निजी घरबेटीले कुरै नसुनेको र अमानवीय व्यवहार गरेको गुनासो पोखिन् । कार्यक्रममा कैलाली घर भई सोही घरमा बस्ने दिपाका समेत भाइ रहेका राज नेपालीले आफूहरुमाथि २१औं शताब्दीमा पनि जातीय विभेद गरिएको भन्दै गुनासो पोखे । आगामी दिनमा दलित भएकै कारण आफूहरुले भोगेजस्तो पीडा अरुले भोग्न नपरोस् भनेर मिडियामा यो कुरा लिएर आएको र कानूनी उपचारमा जान लागेकोपनि उनले स्पष्ट पारे ।

उनले भने, 'घरबेटीले दिएको चरम यातनाको कारण हाम्रो पढाईमा अवरोध सिर्जना भयो । यसले विद्यार्थीको भविष्य अन्यौल बनाएको छ ।' उनले जातीय भेदभाव तथा छुवाछुत ऐन-२०६८ अनुसार निज घरबेटीलाई कारबाही गर्नसमेत सरकारसमक्ष माग गरे । उनले आफूहरुमाथि घरबेटीले श्रृंखलावद्ध रुपमा घर छोड्न दबाब दिएको र जातीय विभेद गरेको गुनासो पोखे ।

कार्यक्रममा अर्की पीडित गायिकासमेत रहेकी धना परियारले जातीयताको कुरा गरेर आफूहरुमाथि घरबेटीले दिएको दबाब गलत र मानवअधिकारविरुद्ध रहेको टिप्पणी गरिन् । उनले पनि घरबेटीलाई कानूनबमोजिमको हदैसम्मको कारबाहीको माग गरिन् । उनले आफू अपांग समेत रहेको जनाउँदै अपांगता भएकै कारण जागिर नपाएको गुनासो पोखिन् ।


'जातीयताकै आधारमा घरबेटीले कोठा छोड्न दबाब दिनुभएको छ,' उनले भनिन्, 'के हामी यो देशका नागरिका होइनौं र ? हामीमाथि अमानवीय व्यवहार गरियो । यो निकै दुःखदायी कुरा हो ।' उनले यस्तो अवस्थाको सामना गर्नुपर्दा कहिलेकाहीँ रातै नपरिदिए हुन्थ्यो जस्तो लाग्ने गरेको पनि सुनाइन् । उनले भनिन्, 'घरबेटीले मात्रै होइन, त्यही घरमा भाडामा बस्नेहरुले पनि हामीलाई निस्किन दबाब दिए ।'

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी विपीन बिकले २१औं शताब्दीमा आएर पनि जातीय विभेद गर्नु गलत भएको भन्दै विद्यार्थीहरुमाथि जातीय विभेद र यातना दिने घरबेटी बोगटीलाई कारबाहीको माग गरे ।

# वडाध्यक्ष भारतीय भएको भन्दै उजुरी

**महोत्तरी/मस-** महोत्तरीको रामगोपालपुर नगरपालिका-५ का वडाध्यक्ष जीतेन्द्र चौधरी भारतीय नागरिक रहेका भन्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको छ । रामगोपालपुर-८ बस्ने हरिश्चन्द्र ठाकुरले वडाध्यक्ष चौधरी भारतको विहार राज्यको सीतामढी जिल्लाको सिरसिया बजारको बासिन्दा रहेको भन्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरेका हुन् । उजुरीकर्ता ठाकुरले उजुरीसँगै भारतीय निर्वाचन आयोगको फोटोसहितको मतदाता नामावलीमा वडाध्यक्ष चौधरी तथा उनका बुबाको नाम उल्लेख भएको छायाकपी र उनले २०१९ मा भारतमा सम्पन्न भएको लोकसभा निर्वाचनमा भोट खसालेको प्रमाणसमेत पेश गरेका छन् ।

स्थानीय तहको निर्वाचनमा वडा नं ५ मा स्वतन्त्रबाट निर्वाचित वडाध्यक्ष चौधरीसँग दोहोरो नागरिकता रहेको भन्दै ठाकुरले सप्रमाण एक महिना पहिले नै उजुरी दर्ता गराए पनि त्यस उजुरीमाथि हालसम्म कुनै कारवाही नभएको उजुरीकर्ता ठाकुरले आरोप लगाएका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# प्रकोपको पीर

सरकारले आगामी चैत २० गतेदेखि तीन दिनसम्म आयोजना गर्न लागेको सगरमाथा सम्वाद स्थगित गरेको छ । जलवायु परिवर्तनबारे विश्वलाई सन्देश दिनेगरी सगरमाथा सम्वादलाई सरकारले अन्तर्राष्ट्रिय मञ्चका रूपमा विकास गर्ने उद्देश्य लिएको थियो । दक्षिणी छिमेक भारतले राइनास, उत्तरी छिमेक चीनले बेइजिङ जस्ता मञ्च मार्फत अन्तर्राष्ट्रिय बहस गरिरहेका छन् । विश्वका विकसित मुलुकहरूले पनि यस्तै प्रकृतिका मञ्च मार्फत् अन्तर्राष्ट्रिय बहसमा आफ्नो उपस्थिति देखाउने गरेका छन् । नेपालले पनि ढिलै भएपनि समगरमाथा सम्वादलाई अन्तर्राष्ट्रिय मञ्चका रूपमा विकास गर्ने र यसपटक जलवायु परिवर्तनको एजेण्डा तय गरेको थियो ।

तर, नजन्मदै यो मञ्चले धक्का खानु परेको छ । विभिन्न देशमा विभागीय मन्त्रीहरू र कुटनैतिक सम्बन्ध स्थापित भएका मुलुकमा दूतावासमार्फत् निमन्त्रणा पनि पठाइसकिएको थियो । तर, महिना दिन मात्रै बाँकी रहँदा सरकारले यो मञ्च स्थगित गर्ने निर्णय गरेको छ । यसको कारण भने उत्तरी छिमेक चीनको हुपेई प्रान्तको वुहान शहरबाट विश्वभर फैलिएको कोरोनाभाइरस (कोडिभ–१९) को प्रकोप हो । यही प्रकोपका कारण सरकारले २० लाख पर्यटक भित्र्याउने महत्वाकांक्षी लक्ष्य लिएर घोषणा गरेको नेपाल भ्रमण वर्ष–२०२० पनि स्थगित गर्ने तयारी गरेको छ ।

अर्थात्, नेपालले कोरोनाभाइरसका कारण दुई महत्वाकांक्षी कार्यक्रम स्थगित गर्नुपर्ने बिडम्बना सिर्जना भएको छ । यसले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकारले देखेको सपनामा समेत प्रहार भएको छ । किनभने, राष्ट्रिय आयमा बृद्धि सँगै अन्तर्राष्ट्रिय जगतलाई यी दुवै कार्यक्रम मार्फत् नेपालको परिचय दिलाउने सरकारको तयारी थियो । तर, यस्ता अवसर फेरि पनि सिर्जना गर्न सकिन्छ ।

भनिन्छ, भविष्यको सपना भन्दा महत्व वर्तमानको जर्गेना हो । यदि, वर्तमान सुरक्षित रहेन भने सपना अधुँरै रहन्छ । सवैभन्दा पहिले नेपालले कोरोनाभाइरसबाट देशलाई बचाउनु नै हो । विश्वब्यापी प्रकोपका रूपमा बिस्तार भएको कोरोनाभाइरस चीन, यूरोप, मध्य पूर्व हुँदै अमेरिकासम्म फैलिसकेको छ । कोरोनाभाइरसबाट सोमबारसम्म तीन हजार ४८ जनाको मृत्यु भएको छ भने ८९ हजार १३२ जनामा संक्रमण देखिएको छ ।

सुखद् खबर चीनबाटै उद्धार गरिएको १७५ नेपालीलाई समेत कोरोनाको संक्रमण देखिएको छैन । यसले थोरै विश्वास बढाएको छ । तर, नेपाल सुरक्षित नै भने भइसकेको छैन । विश्व स्वास्थ्य संगठनले नेपाललाई उच्च जोखिम रहेको देशका रूपमा उल्लेख गरेको छ । त्यसैले सरकारले देशलाई पुग्ने क्षति भन्दा पहिलो नागरिकको ज्यान सुरक्षामा महत्व दिनुपर्नेछ ।

## सामाजिक सञ्जाल



नेपालका स्वतन्त्र भनिने मिडिया संघीयता र धर्म निरपेक्षता जस्ता परिवर्तनमाथि जनमत संग्रहको सिनो टिप्न थालेका छन । पत्रकारिताका ख्वामितहरूले यथास्थितिवादको पछि लागेर कही पुगिन्न भन्ने नबुझेको कि बुझेर पनि बुझ् पचाएको होला ?

-किशोर नेपाल




यदि कसैले नेतालाई जुत्ता प्रहार गर्छ भने निश्चित रूपमा उ पीडित हो, नेताप्रतिको घृणा अभिव्यक्ति हो । तर 'जुत्ता हान्नेलाई उच्च सम्मान' भन्दै उक्साउने कार्य अर्को प्रकारको नेतागिरी हो, आफू नगर्ने र अरूलाई उक्साउन माईर जातका मानिस नेता हुन् जो अरूको भावनासँग सजिलै खेल्न सक्छ ।

- सुनिल चाम्लिङ



यो देशमा कसैले एयरपोर्टमा ज्वरो जाँच गरेर कोरोना भाईरस रोकिन्छ भन्ने ठानेको छ भने त्यो पटमूर्ख बाहेक केही हुन सक्दैन । पूर्णरूपमा विमानस्थल र नाका बन्द गर्नुको विकल्प छैन । अनि स्वास्थ्य उपकरणको तयारी त छँदैछ ।


- अर्जुन अधिकारी



नेपाल सरकारले, मन्त्रीहरूमा बिना मगरलाइ काखी च्यापेर गोकर्ण विष्टलाई फाल्यो र लालबाबु पण्डितलाई फाल्यो । प्रमका प्रेस सल्लाहकार डा.कुन्दन अर्याललाई फालेर सूर्य थापालाई ल्यायो । राजदूतमा प्रतिभा राणालाई काखी च्यापेर लिलामणि पौडेललाई फाल्नेभयो ।

- आनन्दराम पौडेल

# कुन 'मास्क' उपयुक्त हुन्छ, कोरोना भाइरसको संक्रमणबाट बच्न ?



■ डा. रामदेव पंडित

> अनुसन्धान अनुसार काठमाडौंमा मास्क लगाउनेमध्ये दुई तिहाईभन्दा बढीले कपडाको मास्क लगाउने गर्छन् । त्यस्तो मास्क अन्य प्रयोजनमा प्रयोग हुने कपडाबाट स्थानीय रूपमै बनाइन्छ र, सस्तो मुल्यमा पाइन्छ । जसलाई धोएर पुनः लगाउन पनि सकिन्छ । अन्य विकासशील देशमा पनि यही कपडाकै मास्क नै अत्यधिक प्रयोग भएको पाइन्छ ।

गत डिसेम्बर ३१ मा चीनको हुबेइ प्रान्तको उहानबाट नयाँ कोरोनाभाइरस आतंक सुरु भयो । संक्रमणको प्रभाव यति भयंकर होला भन्ने कसैले कल्पना गरेका थिएनन् ।

फेब्रुअरीको मध्यसम्म आउँदा झन्डै २१०० मानिसले कोरोना संक्रमणबाट ज्यान गुमाइ सकेका छन् । विश्वभर ७० हजारभन्दा बढी सर्वसाधारण र १ हजार चिनियाँ स्वास्थकर्मीलाई संक्रमण देखिएको पुष्टि भएको छ ।

चीनबाहेक २५ मुलुकमा यो भाइरसको संक्रमण फैलिएको पाइएको छ । यो विश्वकै लागि ठूलो समस्या बनेको छ । विश्व स्वास्थ्य संगठनले विश्वभर संकट नै घोषणा गरेको छ ।

### नेपालमा मास्क

धुलो र धुवाँबाट जोगिन नेपालीले निक्कै पहिलेदेखि नियमित रूपमा अनुहारमा मास्क लगाउँदै आएका थिए । नेपालमा मास्कले चर्चा पाएको सन्दर्भ पक्कै नयाँ होइन । धैरेपटक सदनदेखि सडकसम्म मास्कले यहाँ चर्चा पाउँदै आएको छ । तर, मास्कले अर्थतन्त्रलाई नै प्रभावित तुल्याउन सकेको थिएन । नेपालले चीनलाई मास्क निर्यात गर्नसक्ने अवस्था बनेको थिएन ।

### मास्कप्रति अन्तर्राष्ट्रिय चासो

विश्व चर्चामा रहेको नोबेल कोरोना भाइरसका कारण मास्क लगाउनेको संख्या उल्लेख्य रूपमा बढेको छ । अतः मास्क अन्तर्राष्ट्रिय चर्चा र चासोको बिषय बनेको छ । विश्व अर्थबजारमा विभिन्न रूपमा मास्कको चर्चा भइरहेको छ ।

भाइरस नसरोस् भनी सर्वसाधारणले व्यक्तिगत रूपमा सतर्कता अपनाउन मास्क प्रयोग थालेका छन् । भीडभाडमा होस् या बाटोमा, अस्पतालमा होस् या विमानस्थलमा मास्क लगाउने मानिस बढेका छन् । चीनियाँ बजारमा मास्कको अभाव भएको छ । कसैकसैले प्लास्टिकले पूरै शरीर छोपेका छन् त कसैले प्लास्टिकको बोतलले मुख छोपेका छन् । कोरोना भाइरस प्रकोपका कारण मास्क अभाव भएपछि चीनले बेइजिङमा ६ दिनभित्रै मास्क फ्याक्ट्री बनाउने समाचार बाहिर आएको थियो ।

### छिमेकी राष्ट्रद्वारा मास्क निर्यातमा रोक

विश्वको सबैभन्दा ठूलो मास्क उत्पादक राष्ट्र चीनले गत वर्षमात्र पाँच अर्ब मास्क उत्पादन गरेको थियो । तथापि, कोरोना भाइरसको प्रकोपसँगै उसले प्रति दिन उत्पादन गर्ने एक करोड ५० लाख मास्कले हालको चुलिँदो माग धान्न सकिरहेको छैन ।

चीनको उहानबाट फैलिएको कोरोनाभाइरसको संक्रमण नेपालमा पनि हुन सक्ने भन्दै नेपाल सरकारको सरकारी निकाय औषधी व्यवस्था विभागले रसायन तथा मेडिकल आपूर्ति संघ त्रिपुरेश्वरलाई माघ २० गते पत्राचार गरेर मास्कलगायत सामग्री निर्यात नगर्न भनेको छ । भारतले त माघ १७ मै मास्क निर्यातमा प्रतिबन्ध लगाइसकेको छ ।

### बजारमा मास्कको अभाव

कुनै कुराको आवश्यकतासँगै अभाव र मूल्य वृद्धि हुनु त बजारको नियम नै हो । कोरोना भाइरस तीव्र गतिमा फैलिँदै गएपछि चीनमा सर्जिकल मास्कको हाहाकार भएको छ । चीनलाई मास्क आपूर्ति गर्न हम्मे भएको छ ।

नेपाली बजारमा मास्कको चरम अभाव देखिएको छ । बजारमा पाइएका मास्कको मूल्य पनि अत्यन्तै महँगो भएको छ । मास्कको कालाबजारी सुरु भएको देखिन्छ । व्यापारी लाखौंलाख मास्क चीनलाई आपूर्ति गरी रातारात व्यापारमा सक्रियता बढाएका छन् । भारतीय सीमा र चिनियाँ सीमाक्षेत्रमा मास्क तस्करी भइरहेको हुनसक्छ ।

### चीनलाई मास्क सहयोग

यस बेला चीनमा मास्कको अभाव भएपछि नेपाल सरकारले एक लाख प्रोटेक्टिभ मास्क चीनलाई सहयोगस्वरुप उपलब्ध गराइसकेको छ । अमेरिकाले १८ लाख मास्क र ८० हजार आइसोलेसन गाउन सहयोग उपलब्ध गराउने बताएको छ । नेपालमा अपाङ्गताको क्षेत्रमा काम गर्दै आएको संस्था बीआइए फाउन्डेनले १ लाख थान मास्क सहयोग गरेको छ । बीआइएले रेडक्रस सोसाइटी अफ चाइनालाई काठमाडौंमा एक कार्यक्रम गरी उक्त मास्क प्रदान गरेको बीआइए फाउन्डेसनका अध्यक्ष गोकर्ण ढंगानाले बताएण् । व्यापारिक हिसाबले अमेरिका, बेलायत, कोरियालगायत कैयौं देशबाट सर्जिकल मास्क चीनमा निर्यात हुँदै आएको छ ।


चीनलाई कमजोर र लाचार देखाउन पनि शक्ति राष्ट्रले चीनलाई सस्तो मास्क सहयोग गर्ने कूटनीति चालेको देखिन्छ । शक्तिशाली चीन मास्कजस्तो सामग्री पनि सबै जनताका लागि सहज आपूर्ति गर्न योग्य छैन भन्ने देखाउन पनि खोजिएको छ । यसरी शक्ति राष्ट्रले चीनमा व्याप्त कोरोना प्रकोपलाई अस्त्रका रूपमा प्रयोग गरेको देखिन्छ ।

### मास्कको प्रकार

नेपाली बजारमा तीनथरी मास्क पाइन्छन् । कपडाको मास्क (२ पत्रे), मेडिकल वा सर्जिकल मास्क (३ पत्रे) र अर्को ' एन९५' मास्क, जसलाई विशेषगरी भाइरस प्रतिरोधी मास्क भनिन्छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले 'एन९५' मास्कलाई प्रमाणित गरेको छ । सिंगापुरीहरुको मतमा भाइरस लागेका बिरामी उपचार गर्ने चिकित्सकका लागि 'एन ९५' मास्क उपयुक्त हुन्छ । सर्वसाधारणलाई यस्तो मास्क लगाउँदा सास फेर्न गाह्रो हुने र फिटिङ गर्न समस्या हुन्छ । मास्क मात्रै भाइरसको ओखती होइन ।

### मास्को फरक–फरक प्रयोजन र मूल्य

'एन ९५' मास्कलाई नेपाली बजारमा साढे तीनदेखि चार सय रुपैयाँसम्म पर्छ । यसमा फिल्टर जडान गरिएको हुन्छ, र, यसबाट सास फेर्न पनि मिल्छ । त्यसका अलावा सामान्य 'एन९५' मास्क पनि पाइन्छ, जुन प्रयोग गरेपछि फ्याँक्नुपर्छ । यसको मूल्य नेपाली बजारमा ९० रुपैयाँ पर्छ । यो मास्क लगाएर सधैं बाहिर हिँड्न सम्भव हुँदैन ।



बजारमा सर्जिकल मास्क अधिकांश मान्छेले लगाएको पाइन्छ । यस मास्कको बजार मूल्य ५ देखि १० रुपैयाँसम्म हुने गरेको छ । सर्जिकल मास्कले शतप्रतिशत रोक्ने र पूरै सुरक्षित हुने भन्ने हुँदैन ।

तर, धेरै हदसम्म सङ्क्रमणलाई रोक्छ र, श्वासप्रश्वाससम्बन्धी रोगबाट भने अवश्य बचाउँछ । सर्जिकल मास्क लगाएर शतप्रतिशत ढुक्क हुने भन्ने चाहिँ होइन । सामान्यतया बजारमा कालो, सेतो र नीलो रंगका सर्जिकल मास्क उपलब्ध देखिन्छन् । यसमध्ये प्रयोगकर्ताको छनोटमा चाहिँ निलो र सेतो रंगको मास्क रहेको पाइएको छ ।

धुलो र धुवाँ छेक्ने कपडाको मास्क लगाउनु धेरै राम्रो मानिँदैन किनभने यसले कुनै किसिमको सङ्क्रमण रोक्न मद्दत गर्दैन । कपडाको मास्क बजारमा २ देखि ५ रुपैयाँसम्म पर्छ ।

### नेपालमा मास्क उत्पादन

नेपालका मास्क उत्पादक आफ्नै खालको समस्यामा रहेका देखिन्छन् । नेपालले तयारी अवस्थाको मास्क र मास्क उत्पादनका लागि चाहिने कच्चापदार्थ दुवै चीनबाट आयात गर्दै आएको छ ।

चीनबाट अहिले कच्चा पदार्थको आयात हुन सकेको छैन । प्रति दिन ६ हजार मास्क उत्पादन गर्ने धुलिखेलको क्लिन सिटी प्रालिका अनुसार उत्पादन लागतभन्दा आधा पैसामा मास्क बेच्नुपर्ने बाध्यता छ ।

कच्चा पदार्थका आयातका लागि भन्सारमा ३५ प्रतिशतसम्म शुल्क तिर्नुपर्छ । जबकि रेडिमेड मास्क आयातकर्ताले तयारी अवस्थाको मास्कका लागि १५ प्रतिशत भन्सार तिरे पुग्छ । नेपालमा प्रति मास्क उत्पादन मूल्य लगभग तीन रुपैयाँ जति पर्न जान्छ, जबकि आयातीत रेडिमेड मास्क मात्र २ रुपियाँमा बजारमा पाइन्छ । यसरी मास्क उद्योगका लागि नेपालमा समस्या रहेको छ ।

औषधी व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालका अनुसार हाल नेपालमा घरेलु तथा साना उद्योग महासंघमा आबद्ध दुई दर्जनभन्दा बढी मास्क उत्पादन गर्ने उद्योग छन् । जसले दैनिक २ देखि ३ हजार मास्क उत्पादन गर्ने गरेको पाइएको छ ।

उद्योगले बजारको मागअनुसार विभिन्न रंग र आकारमा ७ प्रकारका मास्क उत्पादन गर्दै आएका छन् । त्यसमध्ये नेपाली बजारमा ती उत्पादनको मूल्य ५ रुपैयाँ देखि १ हजारसम्म पर्दछ ।

नेपाल सर्जिकल उपकरण व्यवसायी संघका अध्यक्ष सुरज घिमिरेका अनुसार अस्पताल र सार्वजनिक खपत गरी मासिक रूपमा बढीमा १० लाखसम्म मास्क नेपालमा खपत भएको पाइन्छ ।

### मास्क उत्पादनमा फरक लगानी

एप्पलका लागि आइफोनको उत्पादन तथा एसेम्बल गर्ने ताइवानी मोबाइल फोन उत्पादक मल्टिनेसनल फक्सकनले हालै सर्जिकल मास्कको उत्पादन गर्ने घोषणा गरेको छ । रोयटर्सले जनाएअनुसार यसै वर्षको सुरुआतमै कोरोना भाइरसको प्रकोपसँग जुध्न सान्जेनस्थित आइफोन उत्पादन गर्ने सबैभन्दा ठूलो कारखाना बन्द गरेको फक्सकनले चीनमा हाल ब्यापक मागमा रहेको मेडिकल मास्क उत्पादन गर्ने जनाएको हो ।

यसैगरी विश्वप्रसिद्ध अमेरिकी कार उत्पादक जेनेरल मोटर्स्ले पनि कोरोना भाइरसको निवारणमा टेवा पुर्याउने उद्देश्यका साथ सर्जिकल मास्क उत्पादन गर्ने घोषणा गरेको छ । यसको चिनियाँ साझेदार एसएआइसी-जीएम-वुलिङले तत्कालै दिनको १७ लाख मास्क उत्पादन गर्ने गरी १४ वटा प्रोडक्सन लाइन तयार गर्ने घोषणा गरिसकेको छ ।

चीनको स्वामित्वमा रहेको एसियाकै सबैभन्दा ठूलो पेट्रोलियम रिफाइनरी सिनोपेकले गत हप्ता मास्क उत्पादनका लागि आवश्यक उपकरण खरिद गरिसकेको छ । एघार वटा प्रोडक्सन लाइनबाट मास्क तयार पारेको उसले बताएको छ । यसैगरी टोयोटा र होण्डका लागि कार उत्पादन गर्ने ग्वान्जाउ अटोमोबाइल ग्रुपले पनि मास्क र सो निर्माणका लागि आवश्यक उपकरणको उत्पादन गर्ने बताएका छन् ।

### मास्क लगाउँदा अपनाउनुपर्ने सावधानी

कुन मास्कले कति हदसम्म अस्वस्थकर कण रोक्न सक्छ भन्ने कुरा त्यो कसरी प्रयोग गरिन्छ भन्नेमा निर्भर हुन्छ । सर्जिकल मास्क खुकुलो हुन्छ । नयाँ मास्क चेप्टो हुन्छ । लगाइसकेपछि सही तरिकाले निकाल्नु र सुरक्षित तरिकाले विसर्जन गर्नु पनि महत्वपूर्ण हुन्छ ।

लगाइराखेको बेला मास्कलाई सकेसम्म हातले छुन हुँन्न । मास्क फुकाल्ने बेलामा पनि अगाडिको भाग नछोइ पछाडिबाट तुना निकाल्नुपर्छ । मास्क निकालिसकेपछि तुरुन्तै साबुनपानीले हात धुनुपर्छ ।

मास्क बिग्रेको छ, भिजेको छ वा सास फेर्न गाह्रो हुने भएको छ भने लगाउन हुँदैन । एक पटक लगाउन बनाइएका मास्क पुनः प्रयोग गर्नु हुँदैन । एक जनाले लगाइसकेको मास्क अर्को व्यक्ति बिर्सेर पनि लगाउनु हुँदैन ।

### मास्कमाथि नेपाली अनुसन्धान

मास्कले धूलोका कण कति प्रभावकारी ढंगले रोक्न सक्छ भन्नेबारे अनुसन्धाता भानु न्यौपाने र वसन्त गिरीले सन् २०१९ मा अनुसन्धान गरेका थिए । अनुसन्धान अनुसार घरबाहिर निस्किने सयमध्ये करिब तीस काठमाडौंबासीले मात्रै मास्क लगाउने गर्दछन् । यसोभन्दा काठमाडौंमा बस्ने ४० लाख जनतामध्ये लगभग १२ लाख जनताले मास्क प्रयोग गर्ने गर्छन् । त्यसै अनुसारको लगानी, उत्पादन, रोजगारी र बिक्री-वितरण हुँदै आएको थियो ।

अनुसन्धान अनुसार काठमाडौंमा मास्क लगाउनेमध्ये दुई तिहाईभन्दा बढीले कपडाको मास्क लगाउने गर्छन् । त्यस्तो मास्क अन्य प्रयोजनमा प्रयोग हुने कपडाबाट स्थानीय रूपमै बनाइन्छ र, सस्तो मुल्यमा पाइन्छ । जसलाई धोएर पुनः लगाउन पनि सकिन्छ । अन्य विकासशील देशमा पनि यही कपडाकै मास्क नै अत्यधिक प्रयोग भएको पाइन्छ ।

कपडाको मास्कमा दुई पत्र हुन्छन् । कानमा अड्याउनका लागि प्रयोग गरिने डोरोले तानतुन पार्दा मास्क नै तानिन्छ । कपडाका मास्कमा करिब ८०-५०० माइक्रोमिटर ठूला प्वाल हुने अनुसन्धानले देखाएको छ । त्यसैले तिनले धूलीकण त्यति राम्रोसँग छेक्न सक्दैनन् । अझ धोएर लगाउँदा र तन्काउँदा यस्ता मास्कको कण छान्ने क्षमता २० प्रतिशतभन्दा बढी ह्रास हुने हुन्छ ।

कपडाको मास्कपछि सबैभन्दा बढी प्रयोग हुने मास्क सर्जिकल वा मेडिकल मास्क हो जसमा प्रायः तीन पत्र हुन्छन् । विभिन्न अध्ययन अनुसार मास्क प्रयोग गर्नाले धूलोबाट हुने जोखिम, स्वास्थ्य क्षेत्रमा हुने संक्रमण, सरुवा रोगको आपतकालीन अवस्थामा केही हदसम्म रोकथाम हुने गर्छ ।

मास्क लगाउँदा रोग सर्नसक्ने सम्भावना घट्छ । प्रयोगकर्ताको मुख वा नाकबाट निस्कने सम्भाव्य दूषित पदार्थ अर्को व्यक्तिसम्म पुग्न रोकिन्छ । राम्ररी प्रयोग गर्न सक्यो भने मास्कले खोक्दा वा हाच्छिउँ गर्दा निस्कने ठूला तरल कणमा भएका भाइरस, ब्याक्टेरिया लगायतका जीवाणु पनि सर्ने सम्भावना निकै कम हुन्छ । त्यसै गरी मास्क लगाउँदा थुक वा र्याल र श्वास-प्रश्वाससम्बन्धी स्राव अन्य व्यक्तिसम्म पुग्न पाउँदैन ।

*(लेखक आयुर्वेद चिकित्सक हुन्)*

## लेखक तथा पाठकवर्गमा अनुरोध

**तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने् छैनौं ।**

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# योजना आयोगको पूर्ण बैठक : पन्ध्रौं योजना स्वीकृत



**काठमाडौं/मस–** सरकारले रणनीतिक महत्वको १५औं योजनाको आधारपत्रलाई स्वीकृत गरेको छ। विकास निर्माणको कामलाई थप योजनाबद्ध तरिकाले अगाडि बढाउने र केही 'गेम चेन्जर आयोजना' समेत सम्पन्न गर्ने लक्ष्य राखिएको योजना स्वीकृत गरिएको हो।

प्रधानमन्त्री एवं राष्ट्रिय योजना आयोगका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा सोमबार बसेको आयोगको पूर्ण बैठकले योजना स्वीकृत गरेको आयोगले जनाएको छ। गत वैशाख १७ गते स्वीकृत भएको आर्थिक वर्ष २०७६/७७ देखि आव २०८०/८१ को आधारपत्रलाई विस्तृत रुप दिइ तयार पारिएको विस्तृत दस्तावेजलाई स्वीकृत गरिएको हो। योजनाको दस्तावेजमाथि प्राप्त भएका सुझावसमेत समावेश गरी परिमार्जन गरिएको योजनाको विस्तृत दस्तावेज स्वीकृत भएसँगै प्रभावकारीरुपमा कार्यान्वयन गर्न मार्ग प्रशस्त भएको छ।

प्रधानमनत्री ओलीले योजना अवधिमा सञ्चालन गरिने विकासका गतिविधिबाट उत्पादन र उत्पादकत्व वृद्धि भई उल्लेख्यमात्रामा रोजगारीका अवसर सिर्जना हुने र विद्यमान गरिबीको दरमा कमी आउने विश्वास व्यक्त गरे। उनले जैविक र मानवीय आवश्यकता परिपूर्तिमार्फत सुखी नेपालीको परिकल्पना साकार हुने अपेक्षासहित सोका लागि योजना अवधिमा आवश्यक कार्यक्रम तथा आयोजना समावेश गर्न निर्देशन दिए। विकासको मुख्य चुनौतीका रुपमा रहेको मानव संशाधन विकासलाई सम्बोधन गर्न प्रधानमन्त्रीले आयोगलाई निर्देशन दिए। आर्थिक तथा सामाजिक विकासमा पछि परेका क्षेत्र, वर्ग तथा समुदायलाई लक्षित गरी निरक्षरता, गरिबी र बेरोजगारी न्यूनीकरणका लागि चेतानमूलक तथा लक्षित कार्यक्रम समावेश गर्न निर्देश दिँदै प्रधानमन्त्री ओलीले योजना कार्यान्वयनबाट 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय सोच पूरा गर्नेतर्फ ध्यान दिन र सरोकार भएका सबैको सक्रियतामा समेत जोड दिए।

आयोगका उपाध्यक्ष प्रा डा पुष्पराज कँडेलले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा हासिल गर्न २५ वर्षीय दीर्घकालीन सोचसहितको पन्ध्रौं योजनाको विस्तृत दस्तावेजमा समावेश गरिएका विविध विषयमा जानकारी गराएका थिए।

उनले विस्तृत दस्तावेजको तयारी प्रक्रिया, योजनाका मुख्य विशेषता, दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्य, योजनमा समावेश भएका राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना, प्रमुख कार्यक्रम, सार्वजनिक निजी साझेदारीका आयोजना र प्रादेशिक प्रमुख कार्यक्रम एवं नतिजा खाका, प्रादेशिक लक्ष्य तथा गन्तव्यका सूचकका बारेमा जानकारी गराएका थिए।

संविधानको पूर्ण कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहको बीचमा सहकार्य गर्दै मुलुकलाई समृद्ध र समुन्नत बनाउने योजनाको लक्ष्य रहेको उनको भनाइ थियो। बैठकमा आयोगका सम्पूर्ण सदस्य, अर्थमन्त्री डा युवराज खतिवडा, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार लगायतको सहभागिता थियो।

पन्ध्रौं योजनामा आर्थिक वृद्धिका विषयलाई महत्वका साथ समावेश गरिएको छ। आयोजनामा लगानी प्रवर्द्धन, उच्च रोजगारी सिर्जना, व्यापार सन्तुलन र गरिबी तथा असमानता हटाउन गरिने प्रयासलाई सूत्रबद्धरुपमा उल्लेख गरिएको छ।

योजनाले पूर्वाधार विकासलाई मात्रै नभई सामाजिक विकासका कार्यक्रमलाई महत्वका साथ समावेश गरेको छ। गेम चेञ्जर परियोजनाका रुपमा विभिन्न १८ आयोजना योजनामा समावेश छ।

त्यसमा प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनादेखि केही समय पहिले मात्रै स्रोत सुनिश्चित गरिएको सुनकोशी मरिन डाइभर्सन आयोजना समेटिएको छ। यस्तै वनलाई समृद्धिसँग जोड्ने कार्यक्रमका अलावा जग्गा प्रशासनमा देखिएको जटिलता हटाउने विषय समावेश छ। औद्योगिक पूर्वाधार, स्वास्थ्य सेवा विस्तार, सार्वजनिक विद्यालयलाई सबल बनाउने तथा प्राविधिक एवं व्यावसायिक शिक्षामा समेत जोड दिइएको छ।

ऊर्जा क्षेत्रमा विशेष गरी माथिल्लो अरुण जलविद्युत् आयोजना, राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइनलाई प्रमुख प्राथमिकतामा राखिएको छ। पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति तथा प्रमुख राजमार्गको सुधारलाई योजनाले प्रमुख प्राथमिकतामा राखेको छ। यस्तै डिजिटल नेपाल निर्माणका विषय योजनामा उल्लेख छ।


## राहदानी हरायो

मिति २०७६/१०/०५ गते चक्रपथबाट गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

**नाम : कृष्ण बहादुर कार्की**
**पासपोर्ट नं.: ०८८४६७१३**
**ठेगाना : रूपन्देही**
**सम्पर्क : ९८१०२४०६४५**

## राहदानी हरायो

मिति २०७६/१०/०५ गते चक्रपथबाट गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

**नाम : कुशेश्वर मुखिया**
**पासपोर्ट नं.: ०९२४५०८०**
**ठेगाना : सप्तरी**
**सम्पर्क : ९८१०२४०६४५**

## फ्ल्याट भाडामा

का.म.न.पा. वडा नं. २६, गोंगबु आवास क्षेत्र गणेश मन्दिर अगाडीको घरको ७ कोठा (२ फ्ल्याट) सटर सहित फ्ल्याट अफिसको लागि भाडामा छ।

**सम्पर्क : ९८४९००७०६०**



## साउदीमा रोजगार | १. कम्पनी: FOUNDER HAMID SALEH AL KAF CONTRACTING शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७८८ LT. No.: 232638 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Driver Public | 4 | 0 | | 1800 | ५५,२९५ | | | | | | | |

२. कम्पनी: AL OMAR FURNITURE TRADING CO शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०४ चलानी नं.: ६०१५१७८७ LT. No.: 233117 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Furniture | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Driver Public | 2 | 0 | | 1800 | ५५,२९५ | | | | | | | |

३. कम्पनी: CHICKEN BOX RESTAURANT FOR SERVING MEALS शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८२१ LT. No.: 234094

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Resturant Worker. | 1 | 0 | | 1000 | ३०,७२० | | | | | | | |

४. कम्पनी: DELICIOUS BURGER RESTAURANT FOR FAST FOOD DELIVERY शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८२२ LT. No.: 234017

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 2 | 0 | स. काममा दक्ष | 2500 | ७६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २७ गते (10 March 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.र. २ को रु १०,००० अन्यको नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com


सिरहा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सिरहा
प्रदेश नं. २, नेपाल

## मेशिनरी उपकरण आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७६/११/२० गते

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख मेशिनरी उपकरण सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र , उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को वोलपत्र दस्तुर रु.३०००।-(पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ।

४) बोलपत्र साथ धरौटी बापतको रकम यस कार्यालयको रा.वा.बैंक सिरहामा रहेको कार्यालय कोड नं.१६-३६५-२१ धरौटी खाता न. २१३०३०३०००३०४ धरौटीमा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वाबोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै विडवण्ड (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ। फाईनान्स कम्पनीबाट जारी भएको विडवण्डलाई मान्यता दिईने छैन।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० वजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७) बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुने छन्।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) , सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| SM-10-2076-77 | पिकअप (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००।०० | १,१२,०००।०० |
| SM-11-2076-77 | ट्रेक्टर (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान २ (दुई) | ३,०००।०० | ७३,४५०।०० |

**प्रमुख प्रशासकिय अधिकृत**
**सिरहा नगरपालिका**


## कतारमा रोजगारको अवसर | कम्पनी: QATAR SPEED HOUSE WLL शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८४० LT. No.: 232590

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1900 | ६०, ००० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २७ गते (10 March 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Baneshwor-31, Kathmandu, Tel: 4104167, 4104027
E-mail: info@confidentmanpower.com, Web.: confidentmanpower.com

## यूएईमा रोजगार | कम्पनी: ARABIAN GULF FACILITY MANAGEMENT LLC शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८३० L.T. No.: 234467

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/ Public Buil | 150 | 150 | स. काममा दक्ष | 900 | २४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २७ गते (10 March 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Advanced Management Group Pvt. Ltd.**
Gov. Lic No. 1470/074/075
Samakhusi 26, Kathmandu, Nepal, Tel: 4364211, Mob.: 9801080182, 9801044493
Email: info@amgroup.com.np, Website: www.amgroup.com.np

## कतारमा रोजगार | कम्पनी: LEAD ELECTRO MECHANICAL SERVICES WLL. शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/११ चलानी नं.: ६०१५२१७० L.T. No.: 232703

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Gen | 1 | 0 | | 1100 | ३४,७४० | | | | | | | |
| 3. | Labourer / Helpers | 9 | 0 | | 900 | २८,४२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २७ गते (10 March 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Nepal Placement Agency Pvt. Ltd.**
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
Tel: 01- 4432999 01-4431239, 9851002903
Email: info@npajobs.com, Web.: www.npajobs.com

## कतारमा रोजगारको अवसर | कम्पनी: POWER LINKS CONTRACTING शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८०१ L.T. No.: 234112

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | mason | 15 | 0 | | 1100 | ३४,७४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २७ गते (10 March 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Mechi International Overseas Pvt. Ltd.**
Gov. Lic No. 1313/074/075
Sinamangal, Kathmandu, Nepal
Tel: +977- 1- 4487000, Fax: +977- 1- 4116650, Mob.: 9822600100, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np

## UAE मा रोजगारको अवसर | कम्पनी: B COFFEE -BRANCH शहर: UAE

पूर्व स्वीकृत मिति: २०७६/१०/१७ चलानी नं.: ६०१५०९४२ LT. No.: 231978 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Juice Maker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Fast Food Maker | 2 | 0 | | 1200 | ३७,६५५ | | | | | | | |
| 3. | Cleaner | 1 | 0 | | 900 | २८,२४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २७ गते (10 March 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Ever Bright Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. १६५१/०७४/०७५
Manpower Bazar, Sinamangal–09 Kathmandu, Tel: 4112536
Email: everbrightoverseas2018@gmail.com, Web.: www.everbrightoverseas.com

# भक्तपुर सडकमा 'राडार गन' जडान



**भक्तपुर/मस-** तीव्र गतिमा सवारीसाधन चलाउँदा हुने दुर्घटनालाई रोक्ने उद्देश्यले महानगरीय प्रहरी परिसरले अरनिको राजमार्ग खण्डअन्तर्गत भक्तपुर खण्डमा दुईवटा अत्याधुनिक 'राडान गन' जडान गरेको छ । विकसित देशमा सडकमा सवारीसाधनको गति नाप्न प्रयोग हुने यस प्रकारको उपकरण नेपालमा पहिलोपटक ल्याइ भक्तपुरको सडकमा जडान गरिएको जनाइएको छ ।

महानगरीय प्रहरी परिसरका प्रहरी उपरीक्षक सबिन प्रधानले सडकमा सवारीसाधानको गति नाप्ने यस प्रकारको उपकरण नेपालमै पहिलोपटक सोमबार जडान गरिएको जानकारी दिए । साँगादेखि लोकन्थलीसम्म चल्ने सवारीसाधनको गति नाप्ने अत्याधुनिक उपकरण जडान गरेको उनले जानकारी दिए ।

'रजिस्ट्रेशन प्लेट रिकगनाइजेशन क्याम' नामको सिसी क्यामरा सहितको उपकरणले सवारीसाधनको २०० भन्दा माथि सम्मको गति मापन गर्न सक्छ । यसले त्यो सडकमा कुन कुन समयमा कति वटा कुन कुन प्रकारको, कस्तो रङको, कुन कुन नम्बरको, कति कति स्पिडमा र कुन कुन समयमा गाडी गुड्यो, गाडी कुन पोजिशनमा गुडेको थियो भन्ने सम्मको एच डी क्वालिटीको भिडियो रेकर्ड राख्छ,' उनले भने, 'यो क्यामरा सबै सडकमा राख्ने हो भने नेपालको ट्राफिक व्यवस्थापनमा सहज आउने मात्रै नभई कसैले पनि नियम उल्लंघन गर्नै सक्दैन, गल्ती गर्नेले कारवाही भोग्नै पर्ने अवस्था आउँछ ।'

सूर्यविनायक नगरपालिकाको करिब रु १० लाख र अन्यको सहयोगमा ल्याइएको दुईवटा क्यामरालाई महानगरीय प्रहरी परिषरको कन्ट्रोल कक्षमा जडान गरी हेर्न सकिने व्यवस्था गरिएको जानकारी दिँदै उहाँले सवारी नियम उल्लंघन गर्ने कोही पनि अब कारवाहीबाट भाग्नै नसक्ने दाबी गरे । रातिको समयमा समेत यसले सबै दृश्यहरु लिन सक्ने भएकाले तीव्र गतिमा आएका, दुर्घटना गराएर फरार रहेका कोहीले पनि कारवाहीबाट उन्मुक्ति पाउन नसक्ने दावी उनले गरे । सडकमा जडान गरिएका क्यामराको प्रहरी परिसरे कन्ट्रोल कक्षबाट हेर्न सकिने व्यवस्था गरिएको छ ।

प्रहरी उपरीक्षक प्रधानले यो क्यामराको दृश्यलाई यातायात कार्यालयसँग पनि जोडेर कारवाही गर्न सकिने र कुनै सवारीसाधनले दुर्घटना गराएर होस् वा ट्राफिक नियम उल्लंघन गरेर भागेमा अर्को दिन नियन्त्रणमा लिएर पनि कारवाही गर्न सकिने जानकारी दिए ।

अहिले सो खण्डमा प्रतिघण्टा ५० किलोमिटर गतिमा मात्रै सवारीसाधन चलाउन पाउने नियम रहेको छ । अबतीव्र गतिमा सवारी चलाउने कारवाहीमा पर्ने छन् तीव्र गतिमा गुडेका सवारीसाधनलाई अर्को स्टेशनमै प्रहरीले पक्राउ गर्न सक्नेछ । अपराध गरेर भागेका सवारीसाधनलाई पनि रेकर्ड हेरेर खोज्न सजह हुनेछ । यो रेकर्ड यातायात कार्यालयमा पनि जाने भएकाले जरिवाना नतिर्ने गल्ती गरेका सवारीसाधनलाई यातायात कार्यालयले डिजिटल रेकर्ड हेरेर सवारी अनुमतिपत्र र सवारी किताब (बिल बुक) नवीकरण र सवारी बिक्रीका बेलामा उसले नतिरेका जरिवाना असुल गर्न सक्नेछ । तर यसका लागि यातायात कार्यालयले त्यसको व्यवस्था गर्नुपर्नेछ ।

## 'म सभापतिको उम्मेदवार होइन भन्ने भ्रम त्यागनुस्'



**झापा/मस-** नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले पार्टी नीति, नेतृत्व र कार्यक्रम परिमार्जन गर्नुपर्ने बताएका छन् । झापाको चन्द्रगढीमा सोमबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले कांग्रेसको १४औं महाधिवेशनमा आफ्नो तेस्रो वैचारिक धारको अलग्गै टिम कायम रहने बताए । आगामी महाधिवेशनमा पार्टीको नेतृत्वबारे सञ्चारकर्मीले राखेको एक जिज्ञासामा उनले भने, 'म सभापतिको उम्मेदवार होइन भन्ने भ्रम आजै त्यागिदिनुस् ।'

उनले तोकिएको मितिमा काँग्रेसको महाधिवेशन हुन नसके संगठनभित्र जटिल समस्या उत्पन्न हुने बताए । नेपाल विद्यार्थी संघ, तरुण दल र महिला संघलगायत पार्टीका भातृसंस्थाको महाधिवेशन पार्टीको भन्दा अगाडि गर्न नसकिए पनि शुभेच्छुक संस्था प्रेस युनियनको भने तोकिएको समयमै हुनुपर्ने बताए ।

## प्रदेश लगानी सम्मेलन स्थगित



**बुटवल/मस-** प्रदेश सरकारले आगामी वैशाखमा आयोजना गर्न लागेको प्रदेश लगानी सम्मेलन स्थगन गर्ने भएको छ । विश्वभरि नै कोरोना ९कोभिड ९१९० भाइरसको संक्रमण बढेसँगै नेपाल पनि त्यसको उच्च जोखिममा रहेको अवस्थामा उच्च सतर्कता अपनाउन लगानी सम्मेलन हाललाई स्थगन गर्ने निर्णय सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले गरेको प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री वैजनाथ चौधरीले जानकारी दिए ।

प्रदेश सरकारले प्रदेशमा लगानीको वातावरण जुटाउन आगामी वैशाख ४ र ५ गते बुटवलमा लगानी सम्मेलन आयोजना गर्ने कार्यक्रम थियो । सम्मेलनमा भाग लिन स्वदेशी तथा विदेशी पाहुनासमेत आउने भएकाले कोरोना भाइरसको संक्रमणको उच्च जोखिमलाई ध्यानमा अराखी सम्मेलन स्थगन गरिएको सरकारका प्रवक्ता चौधरीले जानकारी दिए । सम्मेलनको अर्को मिति भने परिस्थिति सहज बनेपछि तय गरिने उनले जानकारी दिए ।

यस्तै कोरोना भाइरसको सङ्क्रमण नियन्त्रणसँगै सतर्कता अपनाउन केन्द्र सरकारको सजगता तयारीलाई कार्यान्वयन गर्ने निर्णयसमेत गरिएको प्रवक्ता चौधरीले जानकारी दिए । प्रदेश सरकारले प्रदेशका १२ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत जिल्लामा आयोजना हुने मेला महोत्सव तथा मानिस भेला हुने कुनै पनि खालका कार्यक्रममा रोक लगाउन निर्देशनसमेत दिने बैठकले निर्णय गरेको उनले जानकारी दिए । बैठकले भौतिक पूर्वाधार मन्त्रालयको प्रस्तावमा सडक निर्माण, मर्मतसम्भार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभासमक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

यस्तै सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश विज्ञान प्रविधि प्रतिष्ठान स्थापना र सञ्चालनसम्बन्धी विधेयकको अवधारणापत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरिएको प्रवक्ता चौधरीले जानकारी दिए ।

यस्तै मन्त्रिपरिषद् बैठकले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा साझेदारी नियमावली २०७६ लाई स्वीकृत गरेको छ भने प्रादेशिक साहित्य कला प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अवधारणापत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्नेसमेत निर्णय गरेको छ । बैठकले प्रदेश सरकारअन्तर्गतका ११औं तहका चिकित्सक डा मनिलाल नेवार श्रेष्ठलाई लुम्बिनी प्रादेशिक अस्पतालमा कामकाजमा खटाउनेसमेत निर्णय छ ।


**UAE मा रोजगार** | कम्पनी : HAMAIL CLEANING SERVICES LLC | शहर : DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/१३ | चलानी नं.: ६०१५२४१८ | L.T. No.: 233619

